शान्ती

सचेतना द्वैमासिक

सात सालको प्रजातन्त्र तेह्रमा आयो

छयालीसको परिवर्तन बाटैमा होला

डोल्पा, हुम्ला र जुम्लाका साथै [illegible] बस्तीका [illegible] स्थलगत रि[illegible]ः प्रजा[illegible] [illegible]नवअधिकारको नेपाली अनुहार

रू. ५।-

मानवको लागि मानवअधिकार,
मानवअधिकारका लागि उपयुक्त संस्कृति

वर्ष २, अंक १, कार्तिक-मंसीर, ०५७ / डिसेम्बर १९९३

संस्थापक : सुशील-प्रकाश
सम्पादक : कुन्दन अर्याल
कला : रविन साम्मि
टाइप सेटिंग : किरण माली/जगदीश दाहाल
नेगेटीभ प्रोसेसिङ्ग : सुमन अर्याल
पत्राचार : पो.ब.नं. १९२४ काठमाण्डौ
अनौपचारिक क्षेत्र सेवा केन्द्र
(इन्सेक) द्वारा प्रकाशित
मुद्रक : इन्द्रेणी अफसेट, बागबजार

अस पटक

सम्पादकीय	:	वेपत्ता पारिएकाहरूको खोजी गरौं	३
राष्ट्रिय परिवेश	:	सात सालको प्रजातन्त्र तेह्रमा ...	७
आजको मुद्दा	:	मानवअधिकार र राजनीति	५
सतहमा देखिएको कुरा	:	ग्रामीण इलाकामा ...	२०
प्रतिध्वनि	:		२
कृपया क्षमा गर्नोस	:	मानवअधिकार हाकिम	३२

... र पृष्ठ ४ मा शार्दूल भट्टराईको कविता तथा पृष्ठ २४ मा ज्यागाको संक्षिप्त रूप

[illegible]

ठीक छ म यो दुरो स्वीकार्छु की सेरो शासन कालमा हत्या, लुट, यातनाका अनेक घटनाहरू घटेका छन् । तर मानव अधिकारको व्यापक रूपमा हनन भएको छ भन्ने जुन प्रचार छ त्यसको म कडा प्रतिवाद गर्दछु ।

श्रीमान् सम्पादक,

मानवअधिकार बारे जनचेतना बढाउने उद्देश्यले विद्यालय स्तरमा एउटा कार्यक्रम राख्न आवश्यकता महसुस भएको छ। प्राचीको नियमित ग्राहक बन्न के गर्नु पर्ला ?

दुर्गाप्रसाद घिमिरे, सुमित गैतम, इन्द्रबहादुर नेपाली
रामबहादुर नेपाली, पूर्णबहादुर राना
चनौटे-११, वीरेन्द्रनगर, सुर्खेत

पर्वत पाठशालामा आयोजित एक कार्यक्रममा सुवद्रसरमा "मानवाधिकार - शिक्षा पुस्तक, प्राची र मानवअधिकार संगठनों" लिई आउनु र गहुनु मौका पाएँ। प्रस्तुत पढ्दै आफू पनि बढ्नु लाग्यो र शिक्षाप्रति फुले प्रेरणा र उत्साहका साथै मानवीय आशा जाग्यो। यी पुस्तक, पत्रिकाहरू हेर्दा, पढ्दा र बुझ्दा रोमांच र आश्चर्यित लाग्यो। "प्राची" त कमू राम्रो र औचित्य भन्न अतिशयोक्ति लाग्यो।

प्राची, चेतना पत्रिका राम्रो र हृदयमाथि लाग्ने मर्मस्पर्शी छ । तापनि यसै आवश्यक कुराहरू ध्यानमा राखी बढी व्यापक र सूक्ष्म तथा गहिरो रूपले अभिव्यक्ति गुफुने किसिमले सम्पादित र प्रकाशित हुँदै जानु प्राची के पत्रिका पूर्वदेखि पश्चिम प्रकाशित भइरहेको हुँदा यसै आवश्यकताको महसुस गरिन्छ। यो अभिव्यक्ति आफ्नो ने नेपाली समस्त प्रयास मेरो छ भन्ने कुराको बोधले र अन्यहरूको विश्वास पनि-मर्म सहित।

[illegible]
शिक्षक [illegible]

किनै साथी संयोगवश मेरो [illegible] "प्राची" को संयुक्त अंक पढ्न पाएँ। कोठरी पुरा आनन्दित लाग्यो।

निर्वाचित सरकारले [illegible] भएका मानवअधिकार उल्लंघनका घटनाहरू बारे कुन्दन अर्यालले प्रस्तुत गर्नु भएको अनुसन्धानमूलक तथ्यमा आधारित र जानकारीमूलक छ।

यसैगरी सिन्धुको चेतीबेटी व्यापार, चुम्लाको [illegible] र यसै महिलाहरूको व्यथा जस्ता रिपोर्टहरूले देशको कंकाली तापी यथार्थलाई बोध गराएका छन्।

साथै, उत्पीडित जातीहरू बारेको टिप्पणी र यसै सम्बन्धी डा. अम्बेडकरको जीवन दुवै पठनीय छन्। कविताहरू "निर्मा" को "घोरे महाजन" र [illegible] राजनको प्रस्तुती चेतिलो छ भने टकालको कथा मध्यम स्तरीय छ।

– सुधीर शर्मा
धुलाबारी – ६, झापा।

प्रथम पटक प्राची हाम्रो परेको छ, धेरै खुशी लाग्यो। पत्रिकाको [illegible] रहनुको कारण "प्राची" जस्ता [illegible] महत्वदेखि विमुख हुनु परेकोमा कता कता दुख पनि लाग्छ। यस अंकमा प्रकाशित सबै [illegible] राम्रो भन्न सकिन्छ। यसमा रहेका सत्य घटनाका आधारित कथा स्तरीय थप गरिएमा र प्रकाशनमा नियमितता आवस्।

'प्राची' जस्तो अत्यावश्यक पत्रिका हामी [illegible] पनि [illegible] कृपया [illegible] राख्नुहोस्। [illegible] आर्थिक [illegible] र [illegible] उपयुक्त होला ? [illegible] र प्राचीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

[illegible]
[illegible] – ६, [illegible]

[illegible]

[illegible] "प्राची" [illegible] पढ्न पाएँ। [illegible] लाग्यो।

[illegible]

कान्छारामको सपना

- शार्दूल महराई -

अरूले देखे जस्तै
कान्छारामले पनि प्रजातन्त्रको सपना देख्यो

कान्छाराम एउटा असहाय सानो बालक हो
त्यसैले ऊ प्रजातन्त्र चाहन्थ्यो

सपनामा उसले
प्रजातन्त्रमित्र हाँसो देख्यो / खुसी देख्यो
सुख, शान्ति र समृद्धिका साथै
आफ्ना लागि मर्यादापूर्ण समाज पनि देख्यो

त्यही सपनालाई विपना बनाउन
ऊ आन्दोलनमा जुटेको थियो

रातो झण्डा बोकेर
जुलुसमा हिंड्दा हिंड्दै
कतिखेर तिघ्रामा गोली लाग्यो
कान्छाराम भन्छ -
"मलाई नै थाहा भएन।"

"देशमा प्रजातन्त्र आइसकेछ"
पर्सिपल्ट होस खुल्ने बितिकै
अस्पतालको बेडमा उसले थाहा पायो

कान्छाराम खुशीले गद्गद् भयो
ऊ मति रमायो कि
आफ्नु दाहिने खुट्टा काटिएको पनि
उसलाई थाहै भएन
प्रजातन्त्रको लागि एउटा खुट्टा गुमेकोमा
आफूलाई गौरवशाली ठान्दै
ऊ मन्न थाल्यो -
"बुझ्नु भो, मैले देशका लागि ___ बलिदान
गरें।"

□□□

तर कान्छारामको त्यो गौरव
आज उसका लागि अपशोच बनेको छ

उसको सपनाले
अरूलाई सत्ता दियो
सत्तासीनहरूलाई प्रजातन्त्र दियो
तर उसलाई अतिकति खुसी पनि दिन
सकेन

कान्छाराम अहिले पराश्रित मात्र बनेको
छैन

वैशाखी टेकेर सडकका पेटीहरूमा
बाँचुका लोपाहरू झल्दै
तिरस्कार र अपमान पनि सहँदैछ

खुट्टा के भयो भनेर
उसलाई धेरैले सोध्छन्
गर्व हैन दुखका साथ
कान्छाराम जवाफ दिन्छ -
"झूठो सपनाले खायो।"

□

गणेशमानजी एकातिर मानवअधिकार पुरस्कारले सुशोभित हुनु भएको छ भने अर्कोतिर वहाँ अद्यापी सत्ताधारी दलको सर्वमान्य नेता हुहुन्छ। अर्थात सरकारले गरेका सबै मानवअधिकार हननका कृयाकलापमा वहाँको जिम्मेवारी रहनै पर्छ। कम्तिमा वहाँले नैतिक जिम्मेवारी लिनै पर्छ। ०४८ चैत्र २४ गतेको प्रहरी गोली काण्डका बारेमा आफ्नो प्रतिकृया दिंदै वहाँले भन्नु भएको थियो - "गोलीको आँखा हुँदैन।" गृहमन्त्रीको वक्तव्यको समर्थन गर्नु वहाँको दायित्व नै हुन गएको थियो।

यति मात्रै हैन मानवअधिकार पुरस्कार लिएर स्वदेश फर्केपछि देशमा मानवअधिकारको स्थितिको बारेमा सोच्नु भन्दा पनि वहाँको ध्यान निकट भविष्यमा हुन गइराखेको उपचुनावमा पुग्यो। वहाँले आफ्नो पार्टीको पक्षमा बोल्दै भन्न पुग्नुभयो। - "अरू पक्षका उम्मेदवारले जमानत पनि जोगाउने छैनन्।" वहाँले अरूको जमानत जफत गराउने तर्फ सोच्नु वहाँको वाध्यता हो। किनभने वहाँ अब मानवअधिकारको आन्दोलनको नेता भन्दा पनि सत्ताधारी दलको नेता हुनु भएको छ। त्यसो भएको नाताले पनि वहाँले अरूको जमानत जफत गराउनु आफ्नो दायित्व ठान्नु भयो।

विश्वमा धेरै उदाहरण छन् चुनावद्वारा छानिएर सत्ता पाउनेले चुनावकै अपहेलना गरेको र प्रजातन्त्रको नेतृत्व गर्नेहरू तानाशाहमा फेरिएको।

गणेशमानजीले पाउनु भएको पुरस्कारको सार्थकतालाई यीनै पृष्ठभूमिमा हेरिनु पर्छ। पुरस्कार प्राप्त गर्नु आफैमा एउटा कठिन र गरिमायुक्त कार्य हो। तर त्यो भन्दा पनि बढी पुरस्कारको औचित्यलाई जोगाई राख्नु झनै कठिन कार्य हो। यो कुरा गणेशमानजीलाई भन्दा अरू कसैलाई थाहा नहोला। वहाँले पुरस्कार प्राप्त गर्ना साथै त्यसलाई एउटा पक्षबाट राजनैतिक पूँजी बनाउन थालिएको छ। यो पुरस्कार वहाँले नेपाली कांग्रेसको नेता भएर हैन नेपाली प्रजातान्त्रिक आन्दोलनमा वहाँको लामो संलग्नताले गर्दा नै पाउनु भएको हो। जुन श्री गणेशमानजीकै शब्दमा - "सम्पूर्ण नेपालीको सम्पत्ति हो"। तर व्यवहारमा भने विपरित स्थिति छ।

पुरस्कारको गरिमालाई पुरस्कार पाउनेले जोगाई राख्न सकेन भने प्रतिष्ठित भनिएका पुरस्कारहरू पनि जनताको आँखामा गिर्न पुग्छन्। अर्थात जनस्तरमा त्यसको साख गुम्न जान्छ। विश्वमा धेरै उदाहरण छन् चुनावद्वारा छानिएर सत्ता पाउनेले चुनावकै अपहेलना गरेको र प्रजातन्त्रको नेतृत्व गर्नेहरू तानाशाहमा फेरिएको।

त्यसैले गणेशमानजीले पाउनु भएको पुरस्कारले एकातिर नेपाली र खास गरी मानवअधिकार आन्दोलनमा लाग्नेहरूको शीर ठाडो पारेको छ। तर अर्कोतिर पुरस्कारको अवमूल्यन नहोस् भन्ने कुरामा पनि सधैं सचेत रहनु जरूरी छ। मानवअधिकारको राजनैतिक पूँजीकरण गरिनु हुन्न भन्ने कुरामा चनाखो रहनै पर्छ। ❑

तस्वीरको भाषा

यही मंसीर २६ गते विश्व मानवअधिकार दिवस नेपालमा पनि विभिन्न कार्यक्रमहरुको आयोजना गरी मनाइयो। उक्त अवसरमा २७ गते नेपालका ६ वटा मानवअधिकार संस्थाहरुको आयोजनामा एक पुस्तक प्रदर्शनी सम्पन्न भयो। प्रदर्शनीमा इन्सेकको प्रस्तुति आकर्षक रह्यो।

"दूम"हरूले दुखी संसार

"छुवाछूतको प्रचलन यहाँ कतिको छ ?" -यस्तो प्रश्नको उत्तरमा यहाँका जवाफ दिन सक्ने जो सुकै व्यक्ति भन्दछन् - "पहिले भन्दा धेरै घटी सक्यो।" तत्काले सोध्नु पर्छ - "उसो भए कुनै तल्लो जातिको भनिने मानिसले छोएको पानी तपाई पिउन सक्नु हुन्छ ?" तुरून्तै जवाफ आउँछ। -"समाजले दिदैन, हामीले घरै छोड्नु पर्छ, हामी सक्दैनौं।"

दुनै स्थित सरस्वति मा.वि.मा ०३४ देखि प्रधानाध्यापक पदमा कार्यरत गंगा उपाध्यायको विचारमा बजार क्षेत्रमा छुवाछुत केही कम भएको जस्तो देखिन्छ। तर गाउँ गाउँमा अद्यापि भयंकर छुवाछूत रहेको छ। उनी आफ्नो अनुभव सुनाउँदै भन्छन - "०३९ मा विद्यार्थीहरू माझ पानी छोईदैन भनी तल्लो जातिका भनिने विद्यार्थीहरूलाई पनि संगै पानी दिंदा मैले ठूलो विवादको सामना समेत गर्नु परेको थियो।" उनका अनुसार साढे दुई सय विद्यार्थी संख्या रहेको उक्त विद्यालयमा भने छुवाछूत प्रथा रहेको छैन।

कामी, सार्की आदि तल्लो जातिका भनिने मानिसहरूलाई होच्याएर दूम भन्ने गरिन्छ। यहाँको हरेक पार्टीमा उपल्लो जातिका भनिने मानिसहरूकै बोलबाला रहेको छ। तल्लो जातिका भनिने मानिसहरू राजनीतिमा नगण्य संख्यामा रहेका छन्।

यहाँका बौद्ध धर्मालम्वीहरूमा समेत हिन्दू संस्कारको छाप परेको पाइन्छ। बौद्धहरू माझ "कमारा" भनी एकथरी समूहलाई हेय व्यवहार गर्ने गरेको पाइन्छ। कमारा भनिनेहरूलाई अछुत ठान्ने गरिएको पाइन्छ।

शेषनागले ननिलेको डोल्पा

डोल्पा एयरपोर्ट रहेको गाउँ - जुफलबाट दुनैसम्मको दुरीलाई ६ कोशको दुरी भनिन्छ। दुरी अनुसारको भत्ता पाउने कर्मचारीहरूका लागि यो सरकारी मान्यता प्राप्त तथ्य हो। तर डोल्पाका एकजना पुराना बासिन्दा लक्ष्मी उपाध्याय भन्दछन् - "यो पनि जंजीर लिएर कसले नापेको हो र ? उ बेलाको जिल्ला पंचायनमा हात उठाएर ६ कोश बनाइएको त हो नि।" डोल्पामा यस्ता हचुवाका भरमा गरिएका निर्णयहरू धुप्रै छन् -कतिपय मानिसका विश्वास।

दुनैबाट जुफलतिर लाग्ने बाटोमा केही पर भेरी नदीको धार बीच नै सर्प आकृतिको ठूलो ढुङ्गो देखिन्छ। स्थानीय लोकोक्ति अनुसार त्यो आकृति शेष नागको टाउको र जीउ हो। र त्यसको पुच्छर त्रिपुरकोटनेर भेरी नदीमै रहेको छ। स्थानीय मान्यता अनुसार कुनैबेला शेषनाग भोटान वा तिब्बत निल्छु भन्ने हुँकार गर्दै भेरी नदी कै बाटो गरी माथि लाग्दै थियो। तर त्यही ठाउँनेर आइ पुग्दा त्रिपुराकोटमा घण्ट बजे पछि शेषनाग ढुंगामा परिणत हुन पुगे र भोटान बच्यो। भोटान त बच्यो तर कुनै शेषनागले निल्ने संकल्प नगरे पनि डोल्पालाई अझै अंधकारले निलेको जस्तै देखिन्छ। नेपालको सबभन्दा ठूलो ताल-फोक्सुण्डो, सबभन्दा ठूलो राष्ट्रिय निकुञ्ज शे-फोक्सुण्डो डोल्पामै पर्छ। डोल्पा जडिबुटीका निम्ति पनि उत्तिकै धनी छ। तर डोल्पा पुग्नु भयो भने तपाईले पनि भन्नु हुनेछ।- डोल्पालाई अझै कताकता अन्धकारले निलेको जस्तो देखिन्छ। ❑

तस्वीरको भाषा



यही कार्तिक १८ र १९ गते इन्सेकको तत्वावधानमा काठमाण्डौमा बाँधा मजदूर र बाल दासत्व सम्बन्धी दुई दिने आयोजक बैठक सम्पन्न भयो। बैठकको आयोजना बाल दसत्व विरुद्ध दक्षिण एशियाली मोर्चाले गरेको थियो। बैठकमा भारतबाट चर्चित बाँधा श्रम विरोधी प्रवक्ता स्वामी अग्निवेश, पाकिस्तानबाट एहसान उल्लाह खाँ, नेपालबाट इन्सेक संयोजक-सुशील प्याकुरेल आदिले भाग लिनु भएको थियो। उक्त कार्यक्रममा भारतको बँधुवा मुक्ति मोर्चाका कैलाश सत्यार्थी, नेपाल बाल मजदूर सरोकार केन्द्रका संयोजक-गौरी प्रधान, नेमाधि संका महासचिव-डा. राजेश गौतम, बंगलादेशकी रोजालिन कोष्टा, इन्हुरेड इन्टरनेशनलका कार्यकारी निर्देशक-गोपाल सिवाकोटी चिन्तन, ट्रेड युनियन महासंघका विनोद श्रेष्ठ तथा सांसद प्रदीप नेपालको पनि सहभागिता रहेको थियो।

कार्यक्रममा बाँधा श्रम प्रणाली विरोधी अभियानलाई मानवअधिकार आन्दोलनकै अभिन्न अंगका रुपमा सम्पूर्ण दक्षिण एशियाली क्षेत्रमा अघि बढाउने कुरामा मतैक्य रह्यो। उक्त अवसरमा सहभागीहरुले बाल दासत्व दक्षिण एशियाका सबै मानवअधिकार संस्थाहरुका निम्ति चासोको विषय रहेको कुरा व्यक्त गरे। बैठकमा दक्षिण एशियाका सबै देशमा बाँधा श्रम प्रणाली विरोधी मोर्चा बनाइनु पर्ने ठहर भयो। उक्त अवसरमा यस क्षेत्रका सबै देशमा बाँधा श्रम प्रणाली विरुद्ध संसदीय मोर्चा समेत निर्माण गरिने निर्णय भयो।

देखाउने दाँतको भ्रममा अल्झेको जुम्ला

"राजनीतिमा आने र देखाउने दाँत छुट्टै छुट्टै हुन्छ। केन्द्रले तयार गरेको घोषणापत्रले मने जस्तो गर्न यहाँ मिल्दैन।" पूर्वाञ्चलका सम्भन्या जुम्लाका एकजना युवा एक्ष्ट्रीमका मन्तव्य जुम्लाका एकजना युवा एक्ष्ट्रीमका मन्तव्य मन्छन्। र यहाँका कुनै पनि पार्टीको राजनीतिक कार्यकर्ता तल्लो मानिसले जातिका मानिसको सतकट बुलोजम पानी पिउन सक्दु मन्न सक्दैन। राम्रा कालदेखि कर्णाली मेगको सदामुकामका रूपमा परिचित जुम्लाका नेता कार्यकर्ता एक स्वरमा मन्छन्। -" जब हामी जिल्ला पुगिला जस्तो छैन।" जुम्ला बजारमा आज बिजुली बत्ति बल्दछ। र बजारमा सात सात वटा डीस एन्टेना द्वारा देश विदेशका ठिकी च्यानल हेर्न पाइन्छ। तर आवश्यक खेतबारी जुम्लामा अल्पम प्रदेश गरेको छैन। यो कुरोमा यहाँका बासिन्दा पनि विचार गर्दैनन। प्रशासनका मानिसहरू मन्छन्। -" यहाँका जनतालै केही बुझेकै छैनन। राजनीति के हो यहाँका नेताहरूलाई पनि थाहा छैन।"

मेल छैन कि आवाज

जुम्लाका कतिपय मानिसको विचारमा यहाँ मानवअधिकार उल्लंघन विरुद्ध आवाज उठाउने मेल छैन। कतिपय मानिसका विचारमा त्यस्तो मध्य तत्ता पाछे मने पनि त्यस्तो आवाज उठाउन सक्ने यहाँ कोही छैन। यथार्थमा यहाँ दुई बुझाको केही न केही अभाव छ। जुम्लामा जिल्ला अदालत छ, पुनरावेदन अदालतको मुकाम पनि छ। तर दुवै अदालतमा लामो समय देखि न्यायमूर्तिको उपस्थिति रहेको छैन। न्याय सम्पादनको अभावमा निर्दोष ठहरिन मानिसहरू पनि बन्दी जीवन बिताउन बाध्य छन। तर यहाँका राजनीतिक पार्टीहरू आपसी छिंचाताननीमै व्यस्त छन।

कोष तथा लेखा नियन्त्रण कार्यालयका सहिदा कृष्ण बहादुरको मृत्यु सम्बन्धी मुद्दा होस वा हजार र पुरानो सिक्का सम्बन्धी मुद्दामा मुनिएका को मामिला होस। न्यायाधीसको अभावमा अन्यौलले राज गरेको छ। यसै पन्ध्र माहै एक महिना अघि देखि यहाँको जिल्ला अदालत न्यायाधीश विहिन रहेको थियो। यहाँ पन्ध न्यायाधीशको आगमन भएको छ तर भएदै सर्म दिन देखि पुनरावेदन अदालत शुन्य छ।

पुरुषार्थ बर्बादको शैली

जुम्लामा जारी प्रथा व्यापक छ। यहाँ

स्थलगत रिपोर्टिङ

जुम्ला

उज्यालो कतै छैन
स्वप्न हराएको छ
के तपाई अन्धकारको खुराक भएको
बस्तीमा जानुभएको छ ?

अपराधी भैं उभिएका छन्
नाङ्गा पहाडहरू
जोसंग खान दिनलाई केही छैन
जे छ, त्यो बाँझो भूमि भैं चाँडिर
फैलिएको छ
मानिसहरूको मुटु
माई गोरू र भेडाहरूका करुण करङ्गणा
भङ्कौरा रहेछ
र दुई चिता हातहरू स्पर्श गर्न
निरन्तर अघि बढिरहेछन्
गाउँहरूलाई छोएर बगिरहेछ
नदी
जहाँ साना ठूला ढुङ्गाहरू
एक आपसमा टकराइरहेका छन्
तर आवाज कतै छैन

के जुम्ला मौन छ ?
रोटीको अचुहार फेरिएको छ
मोकको स्वाद तीतो भएको छ
र पेट भित्रको त्रालीपन
छचल्किएर
बाहिर निस्किएको छ
यसपालि जाडो धेरै छ
पसिना आइरहेछ
र आगोमेर उभिएको मानिसको
शरीर
ताप्ता भैं चम्किरहेछ

जुम्लामा पौरामको कुनै ठेगान छैन
एक छिनमै जालको हावा सिट्ठी बजाउन
थाल्छ
के तपाईले फाँसीको तख्ता भैं झुलिरहेको
सल्लाको हाँगालाई हेर्नुभएको छ ?

विमल निभा

बहुविवाहको प्रचलन पनि निकै छ। किन होला? "काम गर्ने मानिस धेरै चाहिनेले स्वास्नी पनि त धेरै ल्याउनु पर्यो नि।" कतिपय स्थानीय ज्ञानीहरूको उत्तर यस्तो हुन्छ। सामाजिक कार्यकर्ता, नेता देखि सामान्य मानिस सम्मले पुरुषार्थ देखाउन पनि स्वास्नी माथि खेला खेलेर छाडछ।

देउताको नाम जप्न विपहिरुका जिल्लाहरूमा भैं जुम्लामा पनि निकै छ। जारी प्रथा अघाडी कायम रहनुमा अन्धविश्वासकै हात छ।

युवा युवती घर नजिक कुनै अवसरमा नाचगान गर्दछन। उनीहरू धारबाट टाढा सुनसान ठाउँ तिर गएर छोढ़ी गाउने वा खेल्ने पनि गर्दछन। एकजना युवक मन्दछन- " यहाँ गीत गाउनु भन्ने लाज मान्छन। गीत गाउनु भनेको सामान्य केटा व्यक्ति नगरेर मात्र व्यक्त गरिनु बुझिन्छ।"

यहाँका स्वास्नी मानिस गीत गाउने केटा मात्र केही रमाइलोको साथ फेर्न पाउँछन्। अन्यथा यहाँका नारी जातिका लागि काम नभएको समय हुँदैन। बहुविवाह र नारीको अत्यधिक प्रचलन मए बाटै बुझिन्छ। - यहाँ नारी जातिलाई " खुट्टाको कुत" ठान्ने मानसिकता आज पनि छ। चन्दननाथ, पटमारा, कार्तिकस्वामी, महत र तलिजम गा.वि.स.मा महिला विकास कार्यक्रम संचालन भइरहेको छ। तर यहाँका महिलाहरूलाई महिला विकास भनेको के हो थाहा छैन। "जो देखे दिन्छ त देखे पाल्छ" - सन्तानका सम्बन्धमा यहाँका मानिसहरूको धारणा यस्तो छ।

यहाँ पचास हजार रुपैयाँसम्म जारी रकम तिर्ने तिराउने गरिएको पाइन्छ। स्थानीय बासिन्दा समाजको डरले विरोध गर्न सक्दैनन्। राजनीतिक कार्यकर्ता, समाजसेवी वा अनुवादक कोही पनि युगौंदेखि चलिआएको संस्कार विरुद्ध उभिन सक्दैन।

लोकसीको आरोपमा यहाँका महिलाहरूले प्रताडित हुनु परेको पनि बराबर सुनिन्छ। यहाँको जीवन झामी झाँकीको तजबीजमा धेरै हदसम्म अडिने गर्दछ। झामी-झाँकीले कर्णालाई जोसी छन्यार भने छन्यारएका अड्गाईहरूको दुखको दिन शुरु हुन्छ।

माटाको पाइप

डा. तुलसी गिरी प्रधानमन्त्री भएका बखत जुम्लामा मोटर आटो पुऱ्याउने चर्चा चलेछ। तर त्यस बखत उनले भनेका रहेछन। - "आटो बनाउनु

मूर्ति विनाको मन्दिर न्यायाधीश विनाको न्यायालय : पुनरावेदन अदालतको मुकाम जुम्ला

भन्दा बरू माटाकै पाइप बनाएर भए पनि जनताले पानी खान पाउने बन्दोबस्त गर्नु ठीक हुन्छ।" तर आज वर्षौं पछि पनि न जुम्लेलीको मोटर बाटोको सपना पूरा भएको छ न पानीको त्यस्तो सुव्यवस्था कायम हुन सकेको छ।

जुम्लाको जेलमा मंसीरको दोस्रो सातामा महिनौं देखि नुहाउन नपाएका बन्दीहरू छन। भर्खरै जिल्ला विकास समितिको अनुदानमा तीला नदीबाट जेलभित्रसम्म पानी तान्ने पम्प उपलब्ध गराउने सहमति भएको छ। तिला नदीबाट जेलसम्मको दुरी ज्यादै कम छ। तर यतिका समयसम्म यहाँ पानीका लागि बन्दीहरूलाई नै खोला पठाइने चलन थियो। यहाँका बन्दीहरूलाई दाउरा खोज्न वनतिर पठाउने चलन पनि केही अघिसम्म थियो।

प्रजातन्त्र आएपछि यहाँ प्रहरीको ज्यादतीमा ज्यादै कमी आएको छ। धेरै मानिस यसै भन्छन। तर अझ पनि हिरासतमा राखिएका व्यक्तिहरूलाई घाँस काट्न, चर्पी सफा गर्न वा ढुंगा बोक्न लगाउने गरेको पनि गुनासो सुन्न पाइन्छ।

जुम्लाको जेलको महिला वार्डमा कुनै बेला पनि घाम छिर्दैन। हिउँ पर्ने जुम्लाको मध्य जाडोमा उनीहरूको के दशा होला ! - जेललाई वास्तविक अर्थमा सुधारगृह बनाइनु पर्छ भन्ने राजनेताहरूले अनुमान गर्न भ्याएका छैनन्। जेल भित्र एकजना महिला वार्ड र एकजना पुरूष वार्डमा गरी दुईजना बालकहरू पनि छन्। र उनीहरूलाई थाहा छैन। घाम पनि ताप्न नपाउने गरी उनीहरूले त्यस्तो के अपराध गरे। काठमाण्डौको जेलमा पनि सामान्य बन्दीहरूलाई प्रति व्यक्ति ६।- रूपैया दिने गरिन्छ। त्यस्ता बन्दीले जुम्ला हुम्लामा पनि ६।- रूपैया नै पाउँछन्। वास्तवमा यो कुरो अति नमिल्दो छ।

चल्तिको खेलः मुद्दा

अन्य दुर्गम जिल्लाहरू झैं यहाँ पनि आम मानिस चेतनामन्दा टाढा छन्। तर अगुवाहरू केही बढी नै बाठा छन्। आमजनता चेतना भन्दा पर रहेकाले उनीहरू सबै सबै मानवअधिकारहरूबाट बंचीत छन्।

"यहाँका मानिसहरू मुद्दा खेल्ने कुरा गर्दछन्।" - एकजना प्रहरी अधिकृत बताउँछन्। अर्थात जुम्लामा मुद्दा लड्नुलाई खेलको रूपमा लिने गरिन्छ। यहाँ राहजनी, चोरी, डकैती जस्ता अपराधहरू देखिंदैनन्। अथवा नियतवश गरिने अपराधहरू यहाँ प्रायः देखिंदैनन्। तर गाउँका ठालूहरू एकपक्षलाई उकासेर मुद्दा दर्ता गर्न लगाउँछन् र अर्को पक्षलाई तर्साउने गर्दछन्। त्यसपछि फेरि कहिलेकाहीं पहिलो पक्षलाई मुद्दा फिर्ता गर्न लगाएर दोस्रो पक्षलाई "लौ हामीले मिलाइ दियौं" भन्ने गर्दछन्।

यहाँ धेरै झैं झगडा र कुटपीट रक्सीका कारण हुने गर्दछन्। रक्सी बन्द गर्ने कुरा त हुन्छ। तर त्यहाँ पनि बेग्लै राजनीति छ। राजनीतिक दबावका कारण रक्सीको ठूलो उत्पादन बन्द हुन सकेको छैन। तर रक्सी बन्द गर्न छापा मार्ने नाममा मोटे जातिका मानिसले घर घरमा बनाएको थोरै थोरै रक्सी जफत गर्ने गरिन्छ।

हिम्मतको कुरो

रामकृष्ण बुढाथापा तल्ला जातिका भनिने मानिसहरूसंग बसेर खाने हिम्मत गर्दछन्। वर्षौं पहिले तत्कालीन मन्त्री हिरालाल विश्वकर्मा जुम्ला आएका थिए। त्यस बखत यहाँका अछुत भनिने जातिका मानिसहरूले एउटा भोजको आयोजना गरेको थिए। उक्त भोजलाई माथिल्लो जातिका भनिने सबै राजनीतिक तथा सामाजिक कार्यकर्ताहरूले बहिष्कार गरे। तर तत्कालिन चन्दननाथ गाउँ पञ्चायतका प्रधानपञ्च रामकृष्ण बुढाथापा त्यस भोजमा पनि सरिक भए।

बुढाथापाको जस्तो हिम्मत सबै-सबै गर्न सक्दैनन्। त्यसैले छुवाछूतको जरो यहाँ राम्रै संग गाडीएको छ।

कतिपय मानिस केटाकेटीको जन्मनु अगावै पनि विहेको निधो गरी दिन्छन। यस्तोमा बालविवाहलाई त झन स्वभाविक ठानिन्छ।

जुम्लाको जेलमा रहेका बन्दीहरू आफूले पाउने स्थानीय चामल बेचेर कम गुणस्तरको चामल किन्ने गर्दछन। यस्तो गर्दा केही पैसा बच्दछ। बचेको पैसाबाट उनीहरू आफ्नो आवश्यकता पूर्ती गर्दछन। यहाँ दाउरा देखि दाल-तरकारी सम्म महंगो भएकोले त्यसो नगरी जीवन धान्न पनि मुश्किल देखिन्छ। उनीहरूले पाउने दैनिक रू. ६।- यहाँका लागि एकदमै नपुग छ। अब उनीहरूमा अर्को चिन्ता थपिएको बछ। - माघदेखि उनीहरूले खाद्य संस्थानको चामल पाउने भएका छन्। खाद्य संस्थानको चामल बेच्दा उनीहरूसंग पैसा बच्ने स्थिति हुँदैन। संस्थानको चामल स्थानीय चामलका तुलनामा ज्यादै सस्तो हुन्छ।

अन्तर खोज्ने क्रम

छयालीसमा बहुदलीय व्यवस्थाको स्थापना भए पश्चात पुराना व्यवस्थाका पृष्ठपोषकहरू भारत तर्फ लागे। जुम्लाका राजनीतिक मानिसहरू भन्न थालेका छन - "तर जिल्लामा अब उनीहरूकै रजगज छ।" आम मानिस हिजोको व्यवस्था र आजको व्यवस्था बीचको अन्तर खोजिरहेका छन्। नेताहरू बताइरहेका छन - अन्तरहरू। तर आम मानिस उनीहरूको भाषणमा मात्र होइन व्यवहारमा पनि दुई अवधि बीचको अन्तर खोजी रहेका छन्। ❑

राजनीति र मानवअधिकार

राजनीति र मानवअधिकारको अन्तरसम्बन्धका बारेमा विभिन्न दृष्टिकोणहरू रहेको पाइन्छ। राजनीतिले मानवअधिकारलाई डोऱ्याउनु पर्छ वा मानवअधिकारले राजनैतिक आन्दोलनलाई निर्देशन गर्नु पर्छ भन्ने बारेमा पनि विवादहरू देखा पर्ने गर्छन्। मानवअधिकार आन्दोलन राजनैतिक आन्दोलनको एउटा पूरक अंग हो भन्ने धारणा पनि पाइन्छ। यिनै सब विविध दृष्टिकोणका बीचमा राजनैतिक नेता तथा व्यवस्थाहरूले अघि बढ्दै गरेको मानवअधिकार आन्दोलनलाई उपयोग र दुरूपयोग समेत गरेको पाइन्छ।

समष्टिगत रूपमा हेर्ने हो भने राजनीति र मानवअधिकारलाई छुट्टा छुट्टै वा एक आपसमा स्वतन्त्र आन्दोलनको रूपमा हेर्न सकिन्न। यिनको त्यसरी निरपेक्ष विकास सम्भव पनि हुँदैन। सापेक्षतामा विकसित भएका हुन्छन् यी दुबै। यति भएता पनि राजनीति भने सत्ता प्राप्त गर्ने र शासन गर्ने प्रमुख लक्ष सहित अघि बढेको हुन्छ भने मानवअधिकार आन्दोलन समग्रमा जनताको हक अधिकारको पूर्ण उपयोगका लागि तिनकै पहलको संघर्षमा बढी केन्द्रीत रहेको हुन्छ।

राजनैतिक सत्ताले आफ्नो शासन शैली अनुरूप मानवअधिकार आन्दोलनको गतिलाई निर्धारण गर्न खोजेको पाइन्छ। समकालिन विश्वमा कुनै पनि प्रजातान्त्रिक राजनैतिक आन्दोलनहरू मानवअधिकार आन्दोलनको सकृय सहभागिता विना अगाडि बढ्नै सक्दैन। त्यसैले मानवअधिकार सम्बन्धी प्रश्नलाई राजनैतिक आन्दोलनको प्रमूख अंगका रूपमा पनि हेरिनु पर्छ।

समाज विकासको लक्ष प्राप्त गर्न सत्ता प्राप्त गरी विकासको गतिलाई अघि बढाउने उद्देश्य लिइने गरिन्छ। त्यसैले मूलतः अप्रजातान्त्रिक मुलुकहरूमा राजनैतिक आन्दोलनले जनआन्दोलनको रूप लिन्छ र त्यस्तै आन्दोलनले प्रारम्भिक चरणमा समग्र मानवअधिकार आन्दोलनको समेत नेतृत्व गर्न पुग्छ। जनताको हक अधिकार लिने सवालमा नै केन्द्रित भएको नतामा पनि राजनैतिक आन्दोलन र मानवअधिकार आन्दोलन परिपूरकका रूपमा अगाडि बढ्छन्। फलस्वरूप राजनैतिक आन्दोलनका नेताहरू मानवअधिकार आन्दोलनका समेत नेता बन्न पुग्छन्। यो नेपाल लगायत अरू सबै जस्तै-प्रजातन्त्र प्राप्तिको लागि संघर्षरत मुलुकहरूमा देखा परेको तथ्य हो। राजनैतिक संघर्षहरू जनआन्दोलनका रूपमा विकसित भएर व्यवस्था परिवर्तन गर्न सफल भएपछि विगतमा मानवअधिकार आन्दोलनको समेत अगुवाई गर्ने राजनैतिक नेताहरू स्वत सत्ताधारी बन्न पुग्छन्। उनीहरूले जनतालाई शासन गर्ने अधिकार प्राप्त गर्छन्।

कुनै बेला जनताको सम्पूर्ण अधिकारको वकालत गर्ने व्यक्तिहरू जनताको अधिकारको सीमा रेखा तोक्नेअधिकार पाएको सत्तामा पुग्छन्। तर सत्तामा पुगेपछि उनीहरूको प्रतिवद्धतामा फरक आँउन थाल्छ। जनताको अधिकारको सीमा तोक्न समय सापेक्षताको तर्क अगाडि सार्न थालिन्छ।

कुनै बेलाका शासित मानिसहरू समयको अन्तरालमा शासक बन्न पुग्छन्। तर जनतामा उनीहरूको अतितको सहवासका कारणबाट साख र विश्वास रहिरहेको हुन्छ। जसलाई कहिलेकाहीं पूँजीको रूपमा पनि प्रयोग गरिएको प्रशस्त उदाहरण पाइन्छ। हाले नेपाली कांग्रेसका सर्वमान्य नेता गणेशमान सिंहले संयुक्त राष्ट्र संघीय मानवअधिकार पुरस्कारलाई प्राप्त गर्नु भएको छ। गणेशमानजीले नेपालमा प्रजातन्त्र र मानवअधिकारका लागि गर्नु भएको लामो र कष्टकर संघर्षको लागि वहाँलाई यो पुरस्कार प्राप्त भएको छ। त्यसैले यसको स्वागत गरिनु पर्छ। तर अर्कोतिर वहाँको वर्तमान तर्फ पनि ध्यान दिनु आवश्यक छ। जीउँदा व्यक्तिहरूको सम्मान अतितको योगदानका कारण मात्र गरिंदैन, उनीहरूको वर्तमानले समाजमा उनीहरूको स्थानको निर्क्यौल गरेको हुन्छ।

– सुशीलप्रकाश –

श्री गणेशमान सिंहलाई हार्दिक बधाई। एकजना नेपालीले अन्तर्राष्ट्रिय स्तरको सम्मान प्राप्त गर्नु हामी सबैका लागि एकदमै खुशीको कुरो हो। यस समाचारले हाम्रो मनोवललाई अझ उँचो तुल्याएको छ। - "विकसित राष्ट्रहरूको भीडभाड बीच चेपिएको संयुक्त राष्ट्र संघले कुनै न कुनै बेला यस्तो फुच्चे देशलाई पनि सम्झिंदो रहेछा" तर खुशीको यस समाचारको अर्को पाटो भने हामीलाई निरूत्साहित गर्ने खालको पनि छ। के तीन वर्ष यता नेपाली कांग्रेसको सरकारद्वारा घटेका मानवअधिकार उल्लंघनका घटनाहरू अन्तर्राष्ट्रिय क्षितिजमा अदृष्य छन् ? उसो भए एम्नेष्टी लगायत विश्वव्यापी संस्थाहरूले यो प्रजातान्त्रिक सरकारका सम्बन्धमा तयार गरेका अनेक प्रतिवेदनहरूको रत्तिभर मूल्य छैन ? अनि श्री गणेशमान सिंह नेपाली कांग्रेसको सर्वोच्च एवं सक्रिय नेता हुनु हुन्छ भन्ने कुरा सदृष्य छैन र ? यी केही यस्ता प्रश्नहरू हुन् जसले संयुक्त राष्ट्र संघद्वारा प्रदत्त मानवअधिकार पुरस्कारको पिछा छोडेका छैनन्। श्री गणेशमान सिंहलाई छयालीसको जनआन्दोलनमा वहाँले खेल्नु भएको अविस्मरणीय भूमिकाका लागि यो पुरस्कार प्रदान गरिएको हो यसो भन्न नसकिने होइन। तर त्यसका लागि अहिलेको समय उपयुक्त थिएन। छयालीस पछि स्वयं गणेशमानको भूमिकामा परिवर्तन आएको तथ्य जगजाहेर छ। वहाँलाई प्रदान गरिएको यस सम्मानका कारण प्रत्यक्ष-अप्रत्यक्ष रूपले सरकार अझ घमण्डी बन्न पुग्ने छ। संयुक्त राष्ट्र संघको यस निर्णयले राजनीति र मानवअधिकारको अन्तरसम्बन्धको विवाद पनि खडा गरेको छ। प्रस्तुत लेख यस्तै यस्तै चर्चाको सेरोफेरोमा घुमेको छ। -

सम्पादक

सात सालको प्रजातन्त्र तेह्रमा आयो छयालीसको परिवर्तन बाटैमा होला

- डोल्पाको जीवन, डोल्पाको प्रजातन्त्र
- देखाउने दाँतको भ्रममा अल्झेको जुम्ला
- सतह भित्रको हुम्ला बेग्लै छ

} - डा. राजेश गौतम / कुन्दन अर्याल

- प्रजातन्त्रबाट बेखबर चेपाङ बस्ती - नरनाथ लुईटेल

नेपाली प्रजातन्त्र र मानवअधिकारको साँचो अनुहार यस देशका ग्रामीण इलाकामा देखिन्छ। मूलतः शहरी चेतना बीच हुर्किरहेको मानवअधिकार सम्बन्धी ज्ञान अनि संवैधानिक हकको कुरो ती इलाकाहरूमा पुगेको छैन। त्यहाँको अवस्था हेर्दा भन्नै पर्ने हुन्छ - "सात सालको प्रजातन्त्र तेह्रमा आयो, छयालीसको परिवर्तन बाटैमा होला।"

डोल्पाको जीवन, डोल्पाको प्रजातन्त्र

स्थलगत रिपोर्टिङ्ग

नेपालको वर्तमान संविधानले आधारभूत मौलिक हकहरूको ग्यारेन्टी गरेको छ। तर डोल्पाबासीलाई थाहा छैन, देशको मूल कानूनमा आफ्ना अधिकारहरू कुन रूपमा प्रतिस्थापित छ। यहाँका राजनीतिक मानिसहरू भन्छन्। - "००७ को क्रान्ति डोल्पाबासीले ०१३ मा मात्र थाहा पाएका थिए।"

केन्द्रको लहरले ल्याएका ध्वजाहरु र समेटेको परिवार

०४६ अघि यहाँका मानिसहरूले हाल अस्तित्वमा रहेका कुनै पनि पार्टीको नाम पनि सुनेका थिएनन्। नेपाली कांग्रेसका एकजना स्थानीय पदाधिकारी भन्छन्। - उ वेला सबैतिर पंचायत, सबै पंच हजूर, पजातन्त्र आए पछि प्रजातन्त्रवादी हुनै पर्‍यो। सदरमुकाम दुनै गा.वि.स. की एक जना महिला ने.महिला सं. पदाधिकारी पनि छिन् । उनी भन्छिन्। - "म पंचायतमा २५ वर्ष सम्म कार्यरत थिएँ, महिला संगठनको काम गरे वापत गोरखा दक्षिण वाहु चौथा पनि पाएकी थिएँ। प्रजातन्त्र आए पछि सबै पार्टीको मातृसंस्था नेपाली कांग्रेसमा लागें।"

डोल्पामा सबैजसो राजनीतिक कार्यकर्ताहरू वीच पूरै एकमत रहेको पाइन्छ - "०४६ अघि यहाँ नेपाली कांग्रेसको प्रचारमा हिड्ने केवल एक जना थिए - लक्ष्मी नारायण न्यौपाने।" प्रजातन्त्रको आगमन पश्चात उनी जिल्लाबाट विस्थापित हुन पुगे। अहिले डोल्पामा कांग्रेस-कम्युनिष्ट दुवैको अस्तित्व रहेको छ। र यहाँको राजनीतिक प्रवृत्तिलाई नियाल्दा भन्नै पर्ने हुन्छ। - "हिजो पंच भएकाहरू जसरी आज कांग्रेस भए त्यसरी नै भोलि केन्द्रमा अर्को कुनै पार्टीको शासन सत्ता स्थापित भयो भने यहाँका घरघरबाट चारतारे ध्वजाहरू उतारिने छन्। र ती ठाँउहरूमा नयाँ पार्टीका झण्डाहरू गाडिने छन्। तर अहिले भने डोल्पामा खांटी कांग्रेस र कम्युनिष्ट हुने लहर चलेको छ।"

डोल्पाका सामान्य मानिसहरू राजनीतिक चेतनाबाट एकदम टाढा छन्। तर पनि यहाँ हुने हरेक झैं-झगडाका सहभागीहरू एक-एक पार्टीका प्रतिनिधि हुन पुग्दछन्। जुफल गा.वि.स. अन्तर्गत पर्ने वनमा मंसीरमा भएको घाँस सम्बन्धी सम्वाद बढ्दै गयो। शुकधन शाहीको पक्षमा नेपाली कांग्रेस लाग्यो, गणेशकुमार शाहीको पछाडि राप्रपा लाग्यो। अब दुवै झगडियाले चाल पाइसके। झगडा जति अघि बढे पनि उनीहरूलाई केही फाइदा हुने छैन। तर राजनीतिक पार्टीहरूले उक्त घटनालाई पनि राजनीतिक गतिविधिका रूपमा लिएको प्रतित हुन्छ।

कष्टकर जीवन उर्ठाउ लाग्दो बस्ती : डोल्पाको सदरमुकाम दुनै

पंचायतकालमा यहाँको राजनीति केवल दुई जनाका बीचमा विभाजित थियो। तर प्रजातन्त्रको आगमन पश्चात कुनै वेलाका मन्त्री मोती प्रसाद पहाडीले नेपाली कांग्रेसमा प्रवेश गरे। अनि पंचायतकालिन आपूर्ति राज्य मन्त्री नर बहादुर बुढाथोकी रा.प्र.पा. का नेता भएर प्रकट भए। आज डोल्पाका यी दुवै पूर्व महापंचहरू लो-प्रोफाइलमा रहेका छन्। तर जिल्लाको राजनीतिको डोरी आज पनि उनीहरू कै हातमा रहेको छ। नेपाली कांग्रेस डोल्पाका अध्यक्ष अशोक कुमार यो कुरो मान्न तयार छैनन्। उनी भन्छन् - "अशोक कुमार जस्तो नयाँ नेताको उदय भएको छ" हुन पनि दुनैमा एक प्रकारले उनको प्रभुत्व नै कायम छ। रा.प्र.पा. का जिल्ला अध्यक्ष योगेन्द्र बहादुर शाही उनको आफ्नै साली हुन्। जिल्लाकी नेपाल महिला संघकी अध्यक्ष मगेश कुमारी हमाल उनकै बहिनी हुन्। तर यो सन्दा पनि उल्लेखनिय कुरो चाहीं के छ भने डोल्पाको सम्पुर्ण राजनीति झण्डै झण्डै एउटै परिवार र तिनका नातेदारहरूमा सिमित रहेको छ।

भेरीको समानान्तर अर्को एउटा नदी

भेरीको किनारमा अवस्थित दुनै डोल्पाको सदरमुकाम मात्र होइन राजनीतिक केन्द्र पनि हो। पंचायतकाल देखिको चलन हो, विधायकका उम्मेद्वारहरू कोही पनि दुनैबाट बाहिर आएनन्। यहीबाट कार्यकर्ताहरू खटाउँछन्।

डोल्पाको भेरी नदी यहाँको जीवन पनि हो। तर यहाँको जनजीवनलाई दुषित पार्ने एउटा अर्को नदी पनि बहीरहेकै छ - रक्सीको नदी। जिल्लाको हिमाली भेगमा रक्सी जीवन र दैनिक संस्कार संगै जोडिएको छ। र त्यहाँ रक्सीको उन्मूलन गर्ने कुरो असान्दर्भिक ठहर्नु बुझ्न सकिने सत्य हो। तल्लो भेगका शुद्धता र छुवाछुतका उग्र पक्षपाती मानिसहरू माथ रहेको रक्सीको प्रचलनलाई तिनै मानिसहरू पनि ठीक मान्दैनन्। तर उनीहरूले ठीक नमान्ने कुरा केवल कुराकानी सम्म मात्र सिमित रहेको पाइन्छ। प्रभावशाली राजनीतिक मानिसहरू नै रक्सीको व्यापारमा संलग्न रहेका छन्।

जिल्ला विकास समितिका सभापति भन्दछन् - "जिल्लामा अपराधका घटनाहरू घट्नुको मुल कारण नै रक्सी हो।" तर सभापति स्वयं जिल्लाको प्रमुख रक्सी व्यापारी पनि हुन। यो कुरोको उल्लेख गर्दा सभापति भन्दछन् - "मैले चाहें भने यहाँ रक्सीको खोलो बगाइ दिन सक्छु। तर मैले त्यसो गरेको छैन।" डोल्पा जिल्ला विकास समितिका उपसभापति र जिल्ला कांग्रेस अध्यक्ष पनि रक्सी प्रसंगमा जोडिने गरेका छन्। तर जिल्ला कांग्रेस अध्यक्ष भन्दछन् -" प्रजातन्त्र आए यता मैले रक्सी छोएको छैन।"

डोल्पा त डोल्पा, ठाउँ बिराको

"डोल्पाका मानिसहरू विदेशमा काम गर्न जाने गर्दैनन्।" -डोल्पाबासी यसै भन्ने गर्छन्। तर डोल्पाको एउटा क्षेत्रको बासिन्दालाई अर्को क्षेत्र विसन्ने कै लाग्ने गरेको छ। वास्तवमा जिल्लाको उत्तरी क्षेत्रमा प्रशासन पनि राम्रो संग पुग्न सकेको छैन। दुनैबाट भोटसाइडका गाउँहरू -फोक्सुण्डो, सालादाड, मिजेर, तिन्को, छार्का, थोतुराज, बुकोट आदि गाउँहरूमा पुग्न ६ दिन सम्म लाग्दछ। प्रजिअ योगराज पौडेलको गुनासो छ -जिल्लामा अझ पनि घोडेटो बाटो सम्म पर्याप्त मात्रामा निर्माण हुन सकेको छैन। चौरीमा सामान ढुवानी गराउन समेत आवश्यक बाटाघाटा डोल्पामा छैनन्।

कसको सन्तान, मामालाई थाहा छ

बहुविवाह भन्ने वितिकै मानिसहरू कुनै आईमाईलाई सम्झेर च्व च्व गर्न पुग्छन्। तर डोल्पामा पुरूषहरू पनि बहुविवाहबाट पीडित छन्। अर्थात डोल्पाको उत्तरी क्षेत्रमा विद्यमान बहुपति प्रथा अबको पीढीका युवाहरूका लागि पीडादायी हुन थाली सक्यो।

डोल्पा जिल्ला विकास समितिका उपसभापति शिवानन्द बुढाका विचारमा बहुपति प्रथा "फष्ट क्लास सिष्टम" हो। उनको विचारमा यस प्रथाका कारण सम्पत्तिको बाँडफाँड हुन सक्दैन। र त्यस क्षेत्रका मानिसहरू गरीब हुँदैनन्।

डोल्पाका ६ वटा हिमाली गाउँहरू फोक्सुण्डो, सालादाड, मिजेर, तिम्को आदिमा बहुपति प्रथा आज पनि विद्यमान छ। त्यहाँका लोरने मानिसहरू १ वर्षको ३ महिना नून आदि लिन तिब्बत लाग्छन् भने ३ महिना तल झर्छन्। र उनीहरू करीब ३ महिना मात्र घर बस्छन्। "धेरै जना दाजुभाई धेरैतिर बाँडिए पछि एकपल्ट घर बस्ने एक जना भन्दा बढी हुँदैन। र धेरै पति भए पनि त्यहाँका आइमाइहरूका सामु एकै समय धुप्रै पति हुँदैनन्।" - बुढा बताउँछन्। तर बुढाले भने जस्तो बहुपति प्रथाले सकारात्मक पक्षमात्र समेटेको छैन। हुन त बहुपति प्रथामा सन्तानको बाबुको निर्क्योल गर्ने जिम्मा आमालै पाएकी हुन्छे। तापनि त्यस क्रममा जटिलता पनि उत्पन्न हुन सक्छ।

बहुपति प्रथामा जेठो छोरोले विहे गरे पछि अन्य भाइहरूले पनि सोही महिलालाई पत्नी ठान्नु पर्छ। "दाजु भाइ बीचको उमेरको फरक

अति धेरै भएको अवस्थामा अप्ठ्यारो हुदैन ?" -बहुपति प्रथाका पक्षपाती यस्तो प्रश्नको जवाफमा भन्दछन् -"त्यस्तो अवस्थामा उमेर समूह अनुसार जेठो-माइलोले एउटी आइमाई संग विहे गर्ने व्यवस्था मिलाइन्छ।"

मुगुकोट गाविसका दाजुभाइ छोप्तेन र कुनक्यापले एउटै महिलासंग विहे गरेका थिए। तर दुई जना मध्ये एकको मृत्यु पश्चात ती महिला हाल एकमात्र पतिका साथ छिन्। तर परम्परासंग विद्रोह गर्ने छाको, ठांडेगाउंको नर्वू घलेको कथा बेग्लै छ। छुट्टै विहे गरे पश्चात उनले पैतृक सम्पत्तिको माया मारी भिन्नै बस्नु परेको छ।

एक भन्दा बढी पत्नी भएका मानिसहरू पनि डोल्पामा धेरै छन्। कांग्रेसी नेता मोतीप्रसाद पहाडीका चारवटा पत्नी रहेका छन्। राप्रपाका जिल्ला अध्यक्षका पांचवटी मामाहरू छन्। त्यस्तै वर्तमान जिविस सभापतिले पनि भर्खरै एक बीस वर्षीया युवतीलाई तेश्रो पत्नीका रूपमा भित्र्याएका छन्। राप्रपाका नेता नरबहादुर बुढाथोकी पनि तीन तीन वटी आइमाईका पतिका रूपमा परिचित छन्।

सुंगुर धपाउने योजना बनेको धेरै भयो

डोल्पाका एकजना पढे-लेखेका व्यक्तिका अनुसार यहांको जनताको नागरिकता लिने बेला मात्र प्रशासनसंग सम्बन्ध हुने गर्दछ। हुन पनि यहांका प्रशासकहरू नै भन्छन् -"यहां समस्या नै केही आउंदैन।" कार्यालयका संचालकहरूका लागि डोल्पा स्थीर भै रहेको छ।

विद्युतीकरण डोल्पाका लागि योजनामा सिमित छ। टेलिफोनको सपना डोल्पाबासीले देख्ने भ्याएका छैनन्। "मोटर बाटो त दुई दशक सम्म कल्पना पनि गर्न सकिदैन।" -यहांका प्रजिअ बताउंछन्। रूकुमबाट त्रिवेणी भएर आउन सकिने २ मीटर चौडा घोडेटो बनाउन समेत धेरै दिन देखिको प्रतिक्षा भइरहेको छ।

डोल्पाको दुनै बजारमा एउटा अंग्रेजी वोर्डिङ स्कूल पनि छ। दार्जलिङ्गका एक दम्पति स्कूलमा रहेकाले र स्कूल नै. महिला सं.को अध्यक्षको भएकोले कसैले स्तरमाथि प्रश्न उठाएका छैनन्। डेस्कलर विद्यार्थीहरूले प्रति महिना ४ सय र वोर्डरले रू. १४०० बुझाउनु पर्छ। डेस्कलर र वोर्डर गरी कूल ३२ विद्यार्थीहरू रहेका छन्। यहां सोझा मानिसहरू धेरै कुरो बुझ्दैनन्, छोरा छोरीको युनिफर्म देखेर दंग छन। हमाल परिवार यो स्कूल शिक्षाको विकास गर्न खोलेको हो भन्दछन्।

दुनैको अलपत्र अस्पताल भवन, सेवा गर्न पाउने मौकाको प्रतीक्षामा

दुंई तिर डांडाले घेरिएको दुनै वजारमा अवस्थित प्रशासन कुरेर बस्ने कर्मचारीहरू भेरीको वहाव संगै समय बिताइरहेकै छन्। प्रशासनको पनि आफ्नै समस्या छ। वजारबाट सुंगुर हटाउनें योजना प्रशासनले उहिलै गरेको हो। तर सफलता मिलेको छैन।

चामलको राजनीति, भिडियोको मनोरंजन

डोल्पामा चामलको राजनीति पनि हुने गरेको दावी नेपाली कांग्रेस विराधी पार्टीहरूको रहेको छ। उनीहरूका अनुसार कांग्रेसको अत्याधिक वहुमत भएको जिविसले खाद्य संस्थानले उपलब्ध गराउने कोटाको चामलको वितरणका क्रममा राजनीतिक पूर्वाग्रहलाई अगाडि सार्ने गर्दछ। पूर्व पंच नरबहादुर बुढाथोकी भ्रष्टाचारको मामिलामा यहां अझै असान्दर्भिक भइ सकेका छैनन्। एक जना स्थानीय नेता सुनाउंछन् - "कुनै बेला नर बहादुरले आफैले खर्च गर्न लगाएर बनाएको जिल्ला बिकासको क्वार्टर लीलाम गर्न लगाई आफूले पाउने तीन हजार टी.ए.डी.ए वापत हात पारेका थिए।" तर त्यस्तो कथा सुनाउने नेताहरू पनि चोखा भने छैनन्। अहिले जिल्ला विकास समितिका एकजना कांग्रेसी पदाधिकारीले जिल्ला विकास कम्पाउण्डलाई नै भिचेर पर्खाल लगाएका छन्। पर्खाल भत्काउने हिम्मत प्रशसासनसंग पनि छैन र नेताहरूमा पनि छैन। जिल्लामा रक्सी बिरोधी अभियान संचालन गर्ने कुरा जिल्ला विकास समितिले पारित गरी सकेको छ। तर रक्सी सेवन गरे वापत कोही कोही निर्धालाई रू सय जरिवाना गराउनु बाहेक प्रशासनले कुनै कदम चाल्न सकेको छैन।

नेपाली कांग्रेसका जिल्ला अध्यक्ष जिल्ला विकासका लागि लामा लामा योजना प्रस्तुत गर्दछन्। उनी जैतुन र केशरको खेती गरी डोल्पाको विकास गर्न सकिने बताउंछन्। तर उनी स्वयं चाहि सिनेमाको खेती गरी आफ्नो संरक्षकत्वमा नेपालगंजका एक गुप्ताको साथ लिएर नेपाली कांग्रेसकै कार्यालय रहेको घर वा हमालकै निवासमा भिडियो हल संचालन गरी रहेका छन्। सानो दुनै बजारमा हरेक रात फिल्म प्रदर्शन हुन्छ। र मानिसहरू गांस काटेर दस-दस रूपैया उडाउंछन्। यस अघि दुनैमा तीन तीन वटा भिडियो हल चलिरहेका थिए। तर हाल दुई हल जेनेरेटरको गडबडीका कारण बन्द रहेका छन्। "यति गरीव मानिसहरू रहेको यति सानो ठाउंमा यस्तो प्रदर्शनले क्षति गर्दैन ?" - यस्तो प्रश्न गरियो भने यहांको भिडियो पार्लरका संचालकहरू तर्क प्रस्तुत गर्छन्। -"रक्सी खानु सट्टा त्यही पैसाले मनोरंजन गरून् न।"

सतहभित्रको हुम्ला बेग्लै छ

हुम्लाका युवक युवती देउडा खेल्छन्, गीतै गीतमा मन-मनका कुरा व्यक्ताउँछन्। नाच्छन्, गाउँछन् र रमाइलो गर्दछन्। त्यस्तो सुन्दा लाग्दछ - यहाँका मानिस सधैं यस्तै रमाइलोगर्छन्। धेरै समय घुम्न जाने मानिसलाई हुम्लामा यस्तै अनुभव हुन्छ। सेता हिमालहरूले जोसुकैलाई मोहित पार्दछ। तर हुम्लालाई गहिरिएर अनुभव गर्ने हो भने सतहमा देखिएका यस्ता कुराहरू साँचो लाग्दैनन्। जिल्लामा प्रतिवर्ष आठहजार मेट्रिक टन भन्दा बढी खाद्यान्नको आवश्यकता पर्दछ। तर यहाँ लगभग सातहजार मेट्रिक टन भन्दा बढी उत्पादन हुँदैन। झण्डै हजार मेट्रिक टन खाद्यान्न हरेक वर्ष बाहिरबाट ल्याउनु पर्छ। र ढुवानीको साधन हवाईजहाज नै रहेको छ। हुम्लाको जीवन अब हवाईजहाजमा अडे जस्तो लाग्दछ। कति योजनाविद्हरू भन्दछन् - बरू सारा जिल्लालाई तराईमा कतै लगेर बसाउनु पर्छ। तर यहाँका बासिन्दालाई त्यस्तो कुरो पट्टक्कै मन पर्दैन। दुखजिलो गरेर पनि यहीं बाँच्न चाहन्छन् यहाँका मानिसहरू। सिमीकोटलाई पनि कुनै दिन समृद्ध शहर बनाउने सपना देख्छन् यहाँका मानिसहरू।

बागी प्रेम बहादुर

वरगाउँका तेइस वर्षीय प्रेम बहादुर लामा गत वर्ष चैत्र देखि घरबाट छुट्टिई सिमीकोटमा सानो पसल थापी बसीं रहेका छन्। पसल खोल्ने पैसा उनले साथीहरूको सरसहयोगबाट जुटाएका हुन्। प्रेम बहादुले दाजुहरूबाट अंश पाएका छैनन्। उनी आफ्नो अंश लिएर भिन्न भएका होइनन्। उनी विद्रोही भएर भिन्न भएका हुन्।

यहाँका लामा जाति बीच बहुपति प्रथा प्रचलित छ। त्यसै अनुसार अड्तीस सालमा उनको जेठो दाजुको बिहे भयो। चलन अनुसार प्रेम बहादुरले पनि भाउजुलाई नै पत्नी मानी घरमै बस्नु पर्ने

स्थलगत रिपोर्टिङ्

थियो। तर उनले आफू भन्दा निकै जेठी भाउजुलाई पत्नी मानेनन्। त्यसपछि उनलाई प्रहरी कहाँ पनि पुऱ्याइयो। तर उनले मरी गए मानेनन्।

पछि उनले निमा लामा नामकी आफू भन्दा दुई वर्ष कान्छी केटीसंग बिहे गरे। उनी भन्छन् - त्यसपछि उनको ससुरालीलाई समेत उनका दाजुहरूद्वारा दुःख दिइयो। अहिले उनी खुसी छन्। उनी भन्छन् - पाँच वर्षसम्म प्रेम गरेर उनले त्यस केटीसंग बिहे गरेका हुन्। उनी दाजुहरूसंग मुद्दा मामिला गरेर अंश लिने कुरा गर्दैनन्। उनका माइला दाजुले बहुपति प्रथालाई स्वीकार गरेका छन्। र प्रेम बहादुरको घरमा उनलाई काठमाण्डौ बसेर आई.ए.सम्म पढेकोले बिग्रिएको ठान्दछन्। उनलाई दाजुहरू संस्कार मुताबिक दाम राखेर फकाउन पनि आए। तर उनले यसै गरी बस्ने दृढता व्यक्त गरे।

बीस वर्षीय नरेन्द्र लामा अर्का विद्रोही हुन्। उनी पनि आफ्नै उमेरकी सोनाम याङ्जुमसंग बिहे गरी सिमिकोटमा सानो दोकान थापी बसेका छन्। उनको विचार दाजुहरूसंग सकभर मिल्ने नै छ। अहिलेसम्म चाहीं मेलजोल भएको छैन।

हुम्लाको मुचु, लिमी, खङ्गालगाउँ, हेप्का, बुराउँसे आदि गाउँहरूमा बहुपति प्रथा रहेको छ। ठे गा.वि.स. को दोजामामा पनि बहुपति प्रथा कायम छ। "बहुपति प्रथामा पहिले पहिले ६/६ जना पुरूषहरूको एउटै पत्नी पनि देखिन्थ्यो।" - यहाँका बासिन्दाहरू बताउँछन्। सामान्यतः कसैले विद्रोह गर्न नपाउन भनी जन्मिएका सन्तानहरूलाई क्रमशः कान्छो पति देखि भाग लगाउने चलन छ। तर प्रेम बहादुरको विचारमा यो कम उमेरका भाईहरूलाई बाँध्ने "दाजु भाउजु" को चालबाजी मात्र हो।

दुई प्रकारको संसार

देशका अन्य दुर्गम जिल्लाहरू झैं यहाँ पनि संसार दुई किसिमको संसार छ। एउटा ठूला वडा भनिनेहरूको संसार। अर्को अछूत भनिनेहरूको संसार।

छुवाछूतको समस्या यहाँ व्यापक

आफ्नै प्रयास आफ्नै संसार : विद्रोही प्रेमबहादुर आफ्नी पत्नीका साथ

परम्परालाई चुनौती दिने अर्का विद्रोही नरेन्द्र लामा आफ्नी पत्नीका साथ

छ। अछूत भनिने जातिका मानिसहरू केही आफ्नै कारणले अनि केही सामाजिक परिस्थितिका कारणले शिक्षाबाट धेरै हदसम्म बंचीत छन्।

तल्ला जातिका भनिने मानिसहरू सामाजिक रूपमा पनि हेपिएका छन्। उनीहरू राजनीतिमा पनि कमजोर देखिएका छन्। सबै पार्टीका मानिसहरू कुराकानीका क्रममा छूवाछूतलाई नराम्रो कुरा बताउँछन्। तर उनीहरूमा यस अमानवीय प्रथा विरूद्धको पहिले अघि सर्ने भन्ने जस्तो मानसिकता देखिन्छ।

सार्की, कामी, सुनार आदिलाई वहाँ डूम भन्ने चलन छ। डूमहरूको संसार उपेक्षित मात्र छैन, सामाजिक प्रतिष्ठाबाट पूर्णतः अलग पनि छ। गएको स्थानीय चुनावताका एउटा सभामा एमालेका चक्र फडेराले तल्लो भनिने जातिको हातबाट पानी पिउँदा अरू पार्टीहरूलाई थप चुनावी मुद्दा मिलेको थियो। एमालेका एकजना यसो भन्दछन्। तर अब उनीहरूमा पनि त्यसरी सार्वजनिक रूपमा तल्लो भनिने जातिका हातबाट पानी पिउने हिम्मत छैन। यो कुरा उनीहरू स्वीकार्दछन्।

भोटे जातिका मानिसहरूको उल्लेख्य संख्या रहेको हुम्लामा त्यस जातिमा समेत छोइछिटोको प्रचलन छ। लामा जातिमा पनि कमारो भनेर एउटा समूदायलाई हेय्को दृष्टिले हेर्ने गरेको पाइन्छ।

सदरमुकाम सिमीकोटमा केही आधुनिकताको प्रवेश भएको छ। त्यसैले यहाँका चिया पसलहरूमा गाउँ घरमा जत्तिको कट्टरता देखिदैन। तर तल्लो जातिको भनिने कुनै चीर परिचित व्यक्ति त यहाँ पनि दोकान भित्र पस्न सक्दैन। वा भनौं तर त्यस्तो चलन खास गरी यहाँका ठकुरीहरूका बीचमा विद्यमान छ।

काम त "यसै गरी चल्दैछ" : प्रशासनको उपस्थिति झण्डाले दर्शाउँछ

उसले त्यस्तो वातावरण नै पाउँदैन।

यहाँका कतिपय नेताहरूको विचारमा यस्तो कुरामा रिभोल्युशन भन्दा पनि इभोल्युशनको तरिकाबाट अघि बढ्नु पर्छ। छूवाछूतलाई हटाउन क्रान्तिकारी उपाय अवलम्वन नगरी विस्तारै परिवर्तन गर्ने नीति लिइनु पर्दछ भन्ने मान्यतासंग सबै नेता सहमत छैनन्। तर स्वयं अछूत भनिने मानिसहरू भने यस विषयमा केही बताउँदैनन्। उनीहरूलाई रिभोल्युशन पनि थाहा छैन। इभोल्युशन पनि थाहा छैन। स्कूलहरूमा थोरै थोरै अछूत भनिने जातिका केटाकेटी पनि पढ्न थालेका छन्। तर तिनीहरूलाई थाहा छैन तिनीहरूको पढाइ कुन तरिका अन्तर्गत चल्दैछ। तिनीहरू स्कूलमा बेला बेला अपमानित पनि हुन्छन। तैपनि केही सोचेर बसी रहँदैनन।

छोरी बेच्ने चलन

हुम्लामा एउटा भनाई प्रचलित छ। – "तोई छोरी बेची तोई छोरी दाइजो।" यहाँ विहेको क्रममा केटी पक्षले अर्को पक्षबाट नगद वा सरसामान आदि लिने चलन छ।

तर त्यस्तो चलन खास गरी यहाँका ठकुरीहरूका बीचमा विद्यमान छ।

धेरै मानिस भन्छन –"छोरीको दुधेलो खाने चलन पहिले पहिले जति छैन।" तर "अझ छैन" कसैले भन्न सक्दैन।

बेपत्ता पारिएका मानिसहरुको खोजी गरौं

यस पटक विश्व मानवअधिकार दिवसका अवसरमा नेपालका ६ वटा मानवअधिकार संस्थाहरूले बेपत्ता पारिएका मानिसहरूका सम्बन्धमा चिन्ता व्यक्त गरे। प्राचीको गत अंकमा पञ्चायतकाल र त्यस पछि पनि बेपत्ता पारिएका नागरिकहरूका सम्बन्धमा लेखिएको थियो। बेपत्ता पारिएका मानिसहरूका बारेमा विश्वभरका मानवअधिकार संगठनहरू चिन्तित छन्। तर यस विषयमा हाम्रो सरकार भने गम्भीर देखिंदैन। हामीलाई दुख लागेको कुरा यही हो।

सय सालमा राजा महेन्द्रद्वारा संसदीय व्यवस्थाको विघटन भए पछिका तीन दशक तीव्र मानवअधिकार उल्लंघनको अवधि बन्यो। त्यस अवधिमा धेरै निर्दोष नागरिकहरूले जेल नेलको यातना भोग्नु पऱ्यो। अनेक राजनीतिक तथा सामान्य मानिसहरूले समेत त्यस बीच दमनको मारमा ज्यान गुमाउनु पऱ्यो। तत्कालिन सत्ताद्वारा त्यस वखत कैयन नागरिकहरूलाई बेपत्ता पारियो।

छयालीसमा बहुदलीय प्रजातन्त्रको आगमन भए पश्चात सरकारले विगतमा त्यसरी बेपत्ता पारिएका मानिसहरूको खोजी गर्न एक समितिको गठन गऱ्यो। उपरोक्त कदम एउटा सराहनीय कदम थियो। तर सरकारले उक्त समितिले प्रस्तुत गरेको प्रतिवेदनका आधारमा सिको पनि पोचेन। अनि आयोग वा समिति भनेको देखावटका निम्ति मात्र बनाइन्छ भन्ने पञ्चायती मान्यताको पुनरावृत्ति भयो। श्री सूर्य बहादुर थापाको अध्यक्षतामा बनेको उक्त समितिमा स्व. प्रकाश काफ्ले, श्री आशुदेव दुगाना एवं डा. सञ्जय कुमार पहाडी रहनु भएको थियो। समितिले अट्ठचालिस वैशाखको आठौं दिन प्रधानमन्त्री समक्ष विस्तृत प्रतिवेदन बुझाएको थियो। तर पटक पटक मानवअधिकार र प्रजातन्त्रप्रति प्रतिबद्धता देखाउने हाम्रो सरकारले आँहलेसम्म प्रतिवेदनलाई प्रकाशित सम्म गरेको छैन।

गएको साउन १६ गतेका दिन स्व. प्रकाश काफ्लेको पुण्य तिथीका अवसरमा मानवअधिकार वर्ष पुस्तकलाई सार्वजनिक गुम्याइएको थियो। काठमाण्डौंका आयोजित उक्त समारोहमा बोल्दै वरिष्ठ अधिवक्ता वासुदेव ढुंगानाले मार्केत वन्द मिथकका बारेमा खोज तलास हुँदा हुँदै प्रशासनिक निकायबाट बाधा उत्पन्न भएको कुरो उल्लेख गर्नु भएको थियो। वरिष्ठ अधिवक्ताको उक्त कथन हाम्रो वर्तमान सरकारको मानवअधिकार प्रतिको दृष्टिकोणउपर शंका उठाउन यथेष्ट छ। त्यस घटनाले प्रजातन्त्रको खिल्ली उडाएको छ भन्न हिचकिचाउनु पर्दैन। एउटा निरंकुश सरकारले गरेको ज्यादतीका बारेमा जनतालाई खुलस्त जानकारी गराउन पनि यो सरकार किन अन्ठ्याएर मानी रहेको छ, बुझिनसक्नु छ।

पंचायत कालको कुरो हो। तत्कालिन सुरक्षा कानून अन्तर्गत पक्राउ परी सिन्धुली जेलमा राखिएका ऋषि देवकोटा त्यहाँबाट निकालिए र भिमानमा मारिए। अदालतमा सरकारले सफाइ दियो - उनलाई कहिल्यै समातिएको थिएन। बयालीसको बम काण्ड भन्दा ४७ दिन अघि पक्राउ परिएका फतेपुर बन्दीका दिलिप चौधरीलाई बमकाण्डमा समेत मुछियो। आज सम्म उनको अत्तोपत्तो छैन। तर अदालतमा सरकारले उनलाई जेलबाट छोडिएको बतायो। बयालीस असोजमा सिरहाबाट खोटाङ जेल लाँदै निर्हुमा लगिएका सूर्यनाथ यादवलाई पनि बाटो नै मारियो। तर आज सम्म उनको मृत्युका बारेमा आधिकारिक जानकारी गराइएको छैन। तत्कालिन व्यवस्था यस्तै यस्तै कर्तुतहरूको धरातलमा अडिएको व्यवस्था थियो। त्यसैले त्यो व्यवस्थाको अन्त्य अवश्यम्भावि थियो। जनताको अविराम संघर्षका कारण उक्त व्यवस्था धराशायी पनि भयो। तर प्रजातन्त्रको बहाली पश्चात स्थापित सरकारले पनि सम्पूर्ण मानवअधिकारबाट वञ्चीत ती नेपालीहरूलाई संझिएको छैन। पञ्चायतको अवसान गराउनमा आज अज्ञात स्थितिमा रहेका मानिसहरूको ठूलो योगदान थियो। मानवअधिकार र प्रजातन्त्रका निम्ति संघर्षरत रहँदा रहँदै तिनीहरू स्वयं सबै सबै मानवअधिकारबाट वञ्चीत भएका थिए। आज तिनीहरूको महान त्यागका कारण हामीले प्रजातान्त्रिक वातावरण पाएका छौं। अब तिनीहरूलाई भुल्नु घोर कृतघ्नता हुनेछ।

प्रजातन्त्र त आयो तर प्रजातन्त्र कै महत्वपूर्ण पाटो मानवअधिकारको क्षेत्रमा भने गुनासो गर्नु पर्ने ठाउँ प्रसस्त छ। प्रजातन्त्रको बहाली पश्चात पनि नेपाली युवकहरू बेपत्ता पारिएका छन्। त्यस्तो बेपत्ता पार्ने क्रम सरकारले विगतका मानवअधिकार उल्लंघनका सम्बन्धमा उठाएको बेवास्ताका कारण नै कायम रहेको हो। विगतका तीव्र मानवअधिकार उल्लंघनकर्ताहरूले पनि कुनै कानूनी उपचार बेहोर्नु नपर्ने भए पछि त्यस्तो क्रम बढ्नु अस्वभाविक पनि छैन।

गएको दस डिसेम्बरका अवसरमा बेपत्ता पारिएका मानिसहरूको खोजी गरौं भन्ने मानवअधिकार संस्थाहरूले सीरानखेको वर्ष भरि यस नारालाई जोडतोडले उठाउने भएका छन्। अब सरकारले पनि सम्पूर्ण मानवअधिकारबाट वञ्चीत ती नागरिकहरूका बारेमा तत्काल समग्र जानकारी जनसमक्ष ल्याउनु अत्यावश्यक छ। यस्ता कामहरूद्वारा नै सरकारका मानवअधिकार वक्तव्यहरूको परीक्षा हुने गर्दछ। ❑

यहाँ बहुविवाहको प्रचलन पनि छ। त्यस प्रथाले केही मात्रामा सामाजिक मान्यता नै पाएको छ। जारी जति लिन सक्यो उति सार्मथ्यवान ठानिने मानसिकता यहाँ पनि छ। जारी तिराउनु गाउँका टाठाबाठा वा ठालुहरूलाई फाइदाको कुरो हुन आउँछ। गाउँलेहरू देउताको डरले पनि जारी बुझाउँछन्। असुल गर्नेले त छोड्ने कुरै भएन।

कसैले जारी तिर्दिन भन्न सक्दैन। कसैले आलटाल गर्न खोज्यो भने त गाउँमा आगो सरी फिजिन्छ। –"फलानोले मोल नपरेको भैंसी दुहुने भयो।"

बहुदलीय व्यवस्थाको पुनरागमन पश्चात तत्कालिन मालेका कार्यकर्ताहरूले छोरी बेच्ने वा दुधेलो खाने, जारी लिने दिने आदि प्रचलन विरूद्ध सानो तिनो अभियान चलाएका थिए। यहाँ छोरीको विहे गरेर दिंदा केटो पक्षबाट रकम असूल गर्ने चलन छ । उक्त चलनलाई स्थानीय दुधेलो खाने भन्दछन्। खासगरी भंसीरमा छोरीको दुधेलो खाने गरिन्छ। तर त्यस वर्ष जैरा, भैला गाविसमा त्यस्तो चलन रोकिएको थियो। एमालेका स्थानीय नेताहरू यस्तै दावी गर्दछन्। उनीहरूका अनुसार फडेरा गाउँमा चौबीस हजार नगद, नब्बे वटा चाँदीको सिक्का र लिउ – फेरूवा वाला एउटा जारी मुद्दालाई उनीहरूले त्यसै रोकी दिए। त्यस्तो क्रम पाँच-छ महिना भन्दा बढी कायम रहन सकेन। कम्युनिष्टहरू पनि सेलाए। छोरी बेच्ने, केटा पक्षबाट नगद सहित खसी-बोका, च्यूला, सेलरोटी आदि लिने प्रचलन फेरी ती नमूना गाउँहरूमा पनि मजाले सुरू भए।

यहाँ एउटा अनौठो चलन पनि छ। केटाकेटीको अबोध उमेरमै विहेको टुंगो गरिएको हुन्छ। उनीहरू बुझ्ने भए पछि अर्कै तिर विहे गर्न पनि सक्छन्। केटीका लागि त त्यस्तो अवस्थामा कुनै सजाय हुँदैन। तर केटीले अर्कोतिर विहे गर्छे भने अबोध बेलाको लेग्नेसंग पनि जारी असूल गर्ने पूरापुर अधिकार रहन्छ। तर अब त्यस्तो चलन त्यति बाक्लो छैन। स्थानीय मानिसहरू त्यसै भन्छन्। तर वोक्सीको आरोप लगाएर आईमाईलाई दुःख दिएको कुसे यहाँ पनि यदाकदा सुनिने गर्दछ।

दिनचर्याकै एउटा अंग : कफी सप त यहाँ छैन तर चिया पसलको गफ पनि कम रोचक हुँदैन

न्यायधीश बिनाको न्यायालय

"यहाँको अदालत त मुर्ती बिनाको मन्दिर जस्तै भएको छ।" –एकजना सरकारी कर्मचारी बताउँछन्। अनि ती कर्मचारी तत्काले भन्छन् –"यो कुरो डायरीमा चाही नलेखि दिनोस कतै उल्लेख गर्दा पनि मेरो नाम नखुलाई दिनु होला।"

विगत दस महिना देखि यहाँका मानिसले न्यायाधीशको अनुहार देख्न पाएका छैनन्। दशैं भन्दा केही अघि जुम्लाका न्यायाधीश आएका थिए। तर त्यस पछि यहाँको अदालत शून्यको शून्य नै छ।

राजेन्द्र कार्की र अमर सिंह देवान विगत सत्र महिना देखि पूर्पक्षमा थुनिएका छन। उनीहरूको मुद्दा छिन्न न्यायाधीशको उपस्थिति छैन। सजाय तोकिए झण्डै पूर्पक्षमा बसे जति मात्रको कैद तोकिन सक्छ। तर त्यसबेला क्षतिपूर्तीको व्यवस्था भने हाम्रो कानून अनुसार हुँदैन।

यसैगरी चल्दैछ

भनिन्छ, पहिले पहिले यहाँका मानिस प्रहरी र वनपालेको त मुख पनि हेर्न नपरोस भन्थे। सरकारी कर्मचारी र स्थानीय बासिन्दा पनि भन्दछन् –अब त्यस्तो छैन। तर प्रतिपक्षका नेताहरूका विचारमा प्रहरीहरूबाट बहुदलीय व्यवस्थाको आगमन पश्चात पनि यदाकदा ज्यादती हुने गरेको छ। तर आम मानिसलाई थाहा छैन – प्रहरीको कस्तो किसिमको व्यवहारलाई ज्यादती भन्ने हो। उनीहरूले बुझे अनुसार प्रहरी, प्रशासन र वनपालेलाई माथिबाटै धेरै कुरो गर्न अधिकार मिलेको हुन्छ। आजभोलि केही पढेलेखेका वा केही सुनेका युवकहरू "प्रजातन्त्र आई सक्यो" भन्न थालेका छन्।

जनजीवन जसोतसो चलेकै छ। प्रजिअ भन्दछन् – "स्वास्थ्य केन्द्र भएर के गर्नु, डाक्टरको प्रायः अभाव रहन्छ।" "उपचारको के कुरा पोष्टमार्टम कै केशमा कत्रो समस्या पर्दछ।" – छेवैका प्रहरी अधिकृत थप्दछन्। हुम्लामा खटिएर आउने सरकारी कर्मचारीहरूले दुर्गम भत्ता पाउँछन्। स्थानीय बासिन्दा त्यस्तो भत्ता पाउँदैनन्। अर्थात उनीहरू बीच थुप्रै नमिल्ने कुराहरू छन्। तर समस्या त सबैको छ। यो हुम्लामा समस्या सबैको साझा कुरो भएर रहेको छ। सुरक्षा जाँचका हिसाबले देशको सबभन्दा कडा सिमीकोट एयरपोर्टबाट बिदाईको हात मिलाई सकेर हुम्लाको साथी भन्छ। –"के गर्नु हजुर हाम्रो त यसैगरी चल्दैछ।" हुम्लाको जीवन घिस्री रहेकै छ। अर्को पल्ट यहाँ आउँदा पनि हुम्लाको साथी अक्षय भन्नेछ। – "यसैगरी चल्दैछ।" ❑

प्रजातन्त्रबाट बेखबर चेपाङ वस्ती

अन्तर्राष्ट्रिय आदिवासी वर्ष भर्खरै बित्यो। नेपालमा यस अवसरमा थोर बहुत कार्यक्रमहरू पनि भए। तर यही मुलुकमा आदिकाल देखि बसोवास गर्दै आएको एउटा आदिवासी चेपाङलाई यो कुराको पत्तै छैन। नेपाली भाषालाई उनीहरू खसन्त कुरा भन्दछन्। र, प्राय सबै कुरा प्रकाशित र प्रचारित हुने गरेको "खसन्त कुरा" तिर चेपाङले त्यति चासो पनि राखेका छैनन्। त्यति मात्र होइन, मुलुकमा आएको राजनैतिक परिवर्तन र वर्तमानको प्रजातन्त्र कै बारेमा पनि चेपाङहरूलाई थाह छैन। धादिङ, धुषा गाविस वडा नं. ८ निवासी ५१ वर्षिय जैतराम प्रजा आफ्नै तालले धेरै कुरा बताउँछन्। तर उनको भनाईको सार आसय यस्तै छ। - "प्रजातन्त्र के हो, मानवअधिकार के हो,.हामी प्रजाहरूलाई थाह छैन। अनि त्यस्तो कुरा कसरी आउँछ र कसरी जान्छ त्यो पनि हामी भन्नु सक्दैन।" मानवअधिकार र प्रजातन्त्रले यस्तो विघ्न पिरोल्न थालेको यही मुलुकका केही नागरिकहरू यी सबै कुराबाट किन र कसरी बेखबर बनिरहेका छन् ? यो प्रश्नको जवाफ पाउन केही शब्दहरू खर्च गर्नै पर्दछ।

चेपाङ अर्थात प्रजा, नेपाली समाजमा विशिष्ट खाले पहिचान बोकेर जीवन यापन गरी रहेको एउटा समुदाय हो। भाषा, संस्कृति तथा जीवन शैलीमा अहिलेसम्म अपेक्षाकृत नविनता ल्याउन नसकेको यो जाति आफूलाई प्रजा भनाउन रूचाउँछ। धादिङ जिल्लाको दक्षिणी भाग, चितवन जिल्लाको उत्तरी भाग, र मकवानपुर जिल्ला अन्तरगत महाभारत पर्वत श्रृंखलालाई आफ्नो मूख्य वासस्थान बनाएको चेपाङ जाति गोरखा र तनहुँमा पनि सानो संख्याका रूपमा रहेको छ। ०३७ सालको जनगणना अनुसार चौविस हजार जनसंख्या रहेको यो जाति पिछडिएका राउटे वा कुसुण्डा जाति जस्तो लोप हुने अवस्थामा भने छैन। आधुनिक सभ्यता, ज्ञान विज्ञान र समाचारको दुनियाबाट करीब बेखबर जस्तै रहेको यो समुदाय पत्रकारहरूका लागि समाचार कथाका विषय भने बनेकै छ।

पायक पर्ने खोला या नदी किनारमा माछा मार्न वा वन जंगलमा परम्परागत धनु-तीरको सहायताले तित्रा, लुईंचे, मिर्ग, घोरल र स्यार्स्या अर्थात बदेल जस्ता जंगली जनावरको शिकार खेल्न औंधि रूचाउने परम्परामा भने बन्यजन्तुको अभावले केही कमी आएको छ। जंगलका छेउछाउमा रहेका सुखा खोरिया र भिराला बारीहरूमा खेतिपाती गरेर प्राप्त नगन्य उज्जनीले जीवन गुजारा गर्न पुग्दैन र यिनीहरू अहिलेसम्म जंगलमा पाइने मौसम अनुसारका कन्दमुल गोही अर्थात वनतरूल, गिठा, भ्याकुर, चुइंया, भोर्लाको टाटा, नेलाउ अर्थात शिस्नु आदिमा निर्भर छन्।

स्थलगत रिपोर्टिङ्ग

बाँस र निगालो प्रयाप्त पाइने क्षेत्र र इलाकातिर भने आफ्नो पुस्तौनी शिप प्रयोग गरेर चेपाङहरू डोकाडाला, थुन्चे अर्थात सोली, नाङला, मान्द्रा, घुम अर्थात स्याबु आदि बुन्दछन् र नजिकका हाट बजारमा साढै सस्तो मोलमा बेची केही छाक अन्न जुटाउने गर्दछन्। उनीहरूको वस्ती तथा वस्ती ओरपर पाइने च्युरी जातको बनस्पतिको वियाँ पेलेर साती अर्थात तेल झिकी त्यसलाई जमाएर तयारी "च्युरी घ्यु" बजारमा बेच्ने पनि गर्दछन्। च्युरी घ्यु आधुनिक प्रविधिद्वारा साबुन बनाउन कच्चा पदार्थको रूपमा समेत प्रयोग गर्ने गरिन्छ।

लक्कन-छप्पन, जाल-प्रपंच, मुद्दा-मामिला, झुठ र बेइमानीबाट एकदमै टाढा रहेका चेपाङहरूको सोझो र अवोधपनालाई दब्नु नै त भन्न सकिन्न, तर उनीहरूको यो आम प्रवृतिबाट नजिकमा रहेका "क्षेत्री बाहुनहरू"ले पनि प्रशस्तै फाइदा लिएका छन्। क्षेत्री बाहुन परिवारमा ४/५ पुस्ता अघि लिएको ऋणको शिर्फ व्याज कटौतीका निम्ति बाँधा बसेका निरिह चेपाङहरू अहिले पनि प्रशस्तै भेट्न पाइन्छ। त्यसो त सजातिय चेपाङको रगत पसिनाले आर्जित अकुत सम्पत्तिको मालिक बनेका एक दुई चेपाङहरू पनि नभएका होइनन्।

शिक्षा दिक्षामा पटक्कै रूचि नराखेको कुरा चेपाङ क्षेत्रमा रहेका बिद्यालयहरूको विद्यार्थी संख्याले पनि बताउँछ। करिब ५/६ प्रतिशत बच्चा प्रा.वि. स्तरमा भर्ना भए पनि नि.मा.वि. र मा.वि. मा पुगेर त्यो प्रतिशत झण्डै १ र त्यो भन्दा तल झर्दछ। सम्पूर्ण चेपाङ क्षेत्रबाट एस.एल.सी. गर्ने विद्यार्थीको संख्या ८/१० जना भन्दा बढी नरहेको अनुमान गरिन्छ। सिंगै चेपाङ महिला समुदायको प्रतिनिधित्व गर्दै यसै बर्ष मकवानपुरकी मञ्जु प्रजाले एस.एल.सी. उतीर्ण गरेकी छिन्। उनी यस जातिबाट एस.एल.सी. उतीर्ण गर्ने पहिलो र सायद निकै बर्षको निम्ति अन्तिम महिला पनि हुन्। उनीहरूको पठन-पाठन, शिप विकास र जातीय उन्नतिका निम्ति भनेर चेपाङ बसोवास जिल्ला चितवन, धादिङ र मकवानपुरमा पञ्चायतीकाल देखि नै प्रजा विकास नामका शाखाहरू कार्यरत छन्। श्री ५ को सरकारबाट सोझै अनुदान प्राप्त गरि नाम मात्रका केही कार्यक्रमहरू पनि सञ्चालन भएका छन्। तर ती कार्यक्रमले उनीहरूको जनजीवनमा, आर्थिक उन्नतिमा र चेतना वृद्धिमा उल्लेखनीय प्रभाव पारेको देखिदैन।

चेपाङ जातिमा रहेको राजनीतिक चेतना-विकासको इतिहासलाई खोतल्ने हो भने १८४५ को नेपाल अंग्रेज युद्ध सम्म पुग्न सकिन्छ। नेपाल हान्ने उद्देश्य लिएर अघि बढिरहेको अंग्रेज फौजको एउटा टुकडीलाई वीर नेपालीहरूले मकवानपुर गढीमा बहादुरीपूर्वक रोकेका थिए। त्यस गढीको युद्धमा चेपाङहरूले तीर र धनु चलाएका रोचक घटनाहरू बूढा-पाका चेपाङहरू अहिले पनि किम्वदन्ती जस्तै बताउने गर्छन्। यस पछिको राष्ट्रिय महत्व राख्ने त्यस्तो कुनै कार्यमा सहभागी भए नभए बारे खोजि हुनु आवश्यक छ। २०३१ सालमा

जस्तो आफू उस्तै घर : आफ्नो वासस्थान अगाडि एक चेपाङ महिला

न्यामेराको अगाडि एक चेपाङ युवक

भएको चितवन जुगेडी जुटपानी किसान संघर्षमा चेपाङको समलग्नता मात्र होइन सकृयता पनि उल्लेखनीय छ। कम्युनिस्टहरूको नेतृत्व र पहलमा भएको सामन्त तथा जमिन्दार विरोधी उक्त संघर्षको सिलसिलामा दशरथ नाम गरेका चेपाङ शहीद हुन पुगेका थिए भने अरू धुप्रै चेपाङहरूले वर्षौं सम्म पञ्चायती जेलको पाशविक यातना समेत भोगेका थिए। एका दुई यस्ता उल्लेख्य कुराहरू हुँदा हुँदै पनि आम रूपमा चेपाङ जातिमा राजनैतिक चेतना अत्यन्त न्युन रहेको छ। आफ्ना हक अधिकार, स्वतन्त्रता-स्वाभिमान जस्ता नागरिकहरूमा हुनु पर्ने मानवोचित गुणहरू उनीहरूमा एकदमै कम पाइन्छ। अन्यायको प्रतिकार गर्दै, जातिय मुक्ति तथा शोषणका फलामे साङ्लाहरूबाट मुक्त हुने छटपटाहटमा नेपालका अरू कतिपय जन- जातिहरूमा भन्दा चेपाङ जातिमा एकदमै न्युन रहेको छ।

चेपाङहरूको आफ्नै भाषा छ तर लिपि छैन। घना चेपाङ वस्तीमा रहेका धेरै जसो महिलाहरू र बालबच्चाहरू नेपाली राष्ट्रभाषा - जसलाई उनीहरू "खसन्त कुरा" भन्छन् - बुझ्दैनन्। भाषाको साथै उनीहरूका आफ्नै खाले संस्कार संस्कृतिहरू छन्। भौगोलिक कारणले हो वा अरू नै कारणले हो, नजिक रहेका एक गाउँ र अर्को गाउँ बीच मै पनि भाषिक र सांस्कृतिक केही भिन्नताहरू पाइन्छन्। सांस्कृतिक मान्यता, आचार-विचार र उनीहरूको भाषामा उनीहरूको वस्ती नजिक रहेको अर्को जाति अर्थात तामाङ, गुरूङ, मगर या क्षेत्री बाहुनको प्रभाव परेको प्रष्ट देख्न र बुझ्न सकिन्छ। त्यसैले धादिङ जिल्लाको एक गा.वि.स. अन्तरगत एउटा गाउँमा रहेका चेपाङहरूले निर्वाह गर्ने परम्परागत रितिथिति तथा भाषा र मकवानपुर जिल्लाको अर्को एक गा.वि.स. अन्तरगत एउटा गाउँमा रहेका चेपाङहरूले निर्वाह गर्ने गरेको परम्परागत रितिथिति तथा भाषामा धुप्रै असमानताहरू देखिन सक्छन्। यो स्वभाविक हो र यस्तो अरू जातिहरूमा पनि पाइन्छ।

जातीय उत्पतिबारे एउटा प्रचलित कथा छ

रक्तवर्ण, थोरै नेप्टो ने अर्थात नाक, बाक्लो र केही खसो म्याङ अर्थात कपाल, मगर जस्तै होचा होचा र थोरै पुड्का, पातला दारी वाङ अर्थात जुँगा, केही छोटा तर दरिला ऋुत अर्थात हात पाखुरा र पिर्हौला- चेपाङहरूको शारीरिक बनौट यस्तै देखिन्छ। झट्ट हेर्दा मंगोल रूप देखिने र उनीहरूका संस्कार संस्कृतिले पनि मतवाली मंगोल वंशकै लाग्ने चेपाङहरू वास्तवमै मंगोल हुन् कि होइनन् निर्क्यौल गर्न नसकिने कारणहरू निकै छन्। उनीहरूको आदि उत्पतिस्थल कहाँ हो- यो पनि टुंगो लागि नसकेको विषय हो। "चेपाङहरू पूर्व दोलखा जिल्लाको सुनाथली भन्ने ठाउँबाट उहिले यता बस्न आएको भन्न चलन छ।" (डोर ब. बिष्ट, सबै जातको फूलवारी पहिलो संस्करण २०३० पेज नं. ७३) तर धादिङ जिल्ला धुम्ब गा.वि.स. वडा नं. ७ निवासी भिजार कान्छो भनेर चिनिने ६९ वर्षीय चुडामणि प्रजा र सोही गा.वि.स. वडा नं. ९ बस्ने ८९ वर्षिय रामसिंह प्रजा एकै स्वरमा यो पक्तिकारलाई बताउँछन् -"हाम्रा पूर्खाहरू पूर्व मोराहाङबाट राङचुराङ हुँदै यता आइ बासोवास गर्न थाले।" मोराहाङ अहिलेको मोरङ हो या अरू नै कुनै ठाउँ हो यसबारे उनीहरूलाई थाह छैन र यता आउनु भन्दा अघि मोराहाङमा उनीहरूका पूर्खा के गर्दथे त्यो पनि बताउन सक्दैनन्। राङचुराङ भने हाल चितवन जिल्लास्थित मनहरी खोला उत्तर पर्दछ।

चेपाङहरूको जातिय उत्पति बारे उनीहरूसँगै जिज्ञासा राख्दा एउटा रोचक कथा सुन्न पाइन्छ। चेपाङ जातिको बीचमा अत्यन्तै प्रचलित यो कथा डोर बहादुर बिष्टको माथि उल्लेखित पुस्तकमा पनि छ। यो पंक्तिकारलाई चुडामणि प्रजाले उपरोक्त कथालाई यसरी सुनाए-

रावणले हरण गरेर लगेकी सीतालाई राजा रामले लंकाबाट फर्काइ ल्याएको केही दिन पछि नै भाइ लक्ष्मणलाई विन्द्रावनमा लगि भाउजु मारी मुटु कलेजो ल्याउने आदेश दिए। आदेश बमोजिम लक्ष्मणले दुई जिउकी सीतालाई वनमा त पुऱ्याए तर मार्न उनले सकेननू। एउटा ओडारमा आरामसंग सुताइ सीता निदाए पछि जंगलमा एउटा मिर्ग मारी मुटु-कलेजो बोकेर उनी रामकहाँ हाजिर भए। यता सीता मध्यरातमा ब्युझिइन्। आफूलाई घोर जंगलभित्र एक्लै पाएर खुबै आत्तिइन् र छट्पटाइन्। टाढा कतै पिलपिले बत्ति बलेको देखेर उनी सहाराको निम्ति त्यतै लागिन्। हिड्दा हिड्दा त्यो घोर जंगल छिचोलेर उनी एउटा घर (वाल्मिकीको कुटी?) पुगिन् जुन घरमा दैत्यका (वाल्मिकीका?) बुढाबुढी थिए। उनीहरूले दुई जीउको सकस भोगिरहेकी सीतालाई आश्रय दिए र सीता उनीहरूसँगै रहन थालिन्। त्यहीं उनले एउटा बालक जन्माइन्, उसको नाम ललहरी रह्यो।

एक दिन सीता पंधेरामा लुगा कपडा धोइरहेको बेला एक हुल बाँदर आफ्ना नानी खेलाउँदै त्यहाँ आइपुगे। बाँदरका नानीहरू देखेर उनलाई पनि आफ्नो ललहरीको संझनाले पोल्यो। उनी दौडेर दैत्यको घर पुगिन्। झोलुङ्गामा रहेको नानी लिइ तुरन्तै पंधेरा फर्किइन् तर दैत्यका बूढाबूढी भित्र रहेकोले उनीहरूले यो कुरा थाह पाएननू। केही बेर पछि दैत्यका बूढाबूढी बाहिर निस्कदा झोलुङ्गो रित्तै देखेर छक्क परे। पंधेराबाट नानीकी आमा फर्किने बेला भयो, झोलुंगामा भएको नानी बेपत्ता। अत्यासमा परेका बूढाबूढीले पिडीमा लडी राखेको कुचो झोलुंगामा ह्याली साँच्चि नै सीताको सत छ भने उ आउने बेलामा तँ नानी बनेर रोइदे भन्दै झोलुङ्गो हल्लाउन थाले। नभन्दै सीता आइ पुगिन्। ललहरी आफूसँगै थियो तर झोलुङ्गामा अर्को नानी रोइरहेको देखेर अब छक्क पर्ने पालो सीताको थियो। दैत्य दैत्यनीसंग त्यो नानी कसको हो भनि खोजखवर गर्दा सीताले जवाफ पाइन, - तिम्रो सतले झोलुङ्गोमा आफै उत्पति भएको त्यो बालक पनि तिम्रै हो। त्यसलाई पनि सीताले पालन पोषण गरेर हुर्काइन्। कुचोबाट उत्पति भएकोले त्यसको नाम कुचहरी -कुशहरी रह्यो।

कथाको बीट मार्दै चुडामणि प्रजा अगाडि भन्दछन् - ललहरी पट्टिको खलक हामी चेपाङहरू रामका साल्यै वंशज हौं र हामी आफूलाई बहन्त प्रजा पनि भन्छौं। कुशहरी पट्टिको खलक कुसुण्डा हो र त्यसैको एउटा लहरो थामी प्रजा हो। थामी प्रजा बाँदरको मासु खान्छ। हामी खाँदैनौं। उनको यो कथन र उपरोक्त कथालाई आधिकारिक र प्रामाणिक मान्न सकिएला या नसकिएला। - अध्ययनकै विषय हो । अहिले उत्पतिको

प्रसंगलाई यहीं छोडेर हामी चेपाङ जातिको वर्तमान स्थितितिरै फर्कौं।

भूमेडाँडाको व्यथा

भूमेडाँडा धादिङ जिल्ला अन्तरगत धुषा गा.वि.स. वडा नं. ८ मा अवस्थित एउटा सानो चेपाङ वस्ती हो। पृथ्वी राजमार्गको चरौंदी बजारबाट दुई घण्टा कस्सिएर हिंडे पछि धादिङ जिल्ला मै सुन्तला खेतीमा प्रसिद्धी पाएको स्यादुल गाउँ पुगिन्छ। मगर, ब्राम्हण र नेवारहरूको मिश्रित बसोबास रहेको त्यस गाउँलाई दाहिने तर्फ छोडेर करिव एक घण्टाको गोरेटो बाटो हिंडे पछि भेट हुन्छ - भूमेडाँडासंग। जम्मा १९ धुरी चेपाङ परिवार रहेको त्यो गाउँ सानो खोल्सा वारी र खोल्सा पारी दुई टुक्रामा विभाजित छ। साढे एक वर्ष अघि मात्र प्रजा विकास शाखाले रू. ९० हजारमा खोल्सा पारीको खोरिया वाँझो स्यादुलकै एक जना जग्गाधनीबाट खरीद गरी भूमेडाँडा र वरपरका भूमिहिन चेपाङहरू मध्ये १० परिवारलाई निःशुल्क उपलब्ध गराएको थियो। खोल्सा पारीको त्यो खोरियामा यसरी नयाँ वस्ती निर्माण भयो। भूमेडाँडाको पुरानो चेपाङ वस्ती र नव निर्मित चेपाङ वस्ती बीच करिव आधा कि.मी. को दुरी छ। दूवै मिलाएर १९ धुरीको त्यस वस्तीमा जम्मा ८४ जनाको जससंख्या अकल्पनिय कष्टका साथ आफ्नो जीवन-गाडा तानिरहेको छ।

सिंगै गाउँ अनिकाल र अशिक्षाको खण्डहर जस्तो देखिन्छ। माटो कम र गेगर ढुंगा बढी भएको ढुंग्यान पाखोमा अवस्थित त्यहाँको भूअवस्थिति उब्जाउपूर्ण छैन। परिश्रमी चेपाङहरू त्यसैलाई पनि खनी खोस्री गरेर मौसम अनुसारको वाली लगाउने प्रयत्न गर्छन्। तर त्यसबाट प्राप्त अन्नले उनीहरूलाई वर्षको ३।४ महिना पनि पाल्न सक्दैन। बाँकी महिनाहरू धान्न उनीहरू "साहु"हरूको भारी बोक्ने, ढुंगा र बालुवा बोक्ने, च्युरीको वियाँ पेलेर च्युरी घ्यू उत्पादन गरी नजिकको बजारमा विक्री गर्ने र साहुहरू कै खेतवारीमा खनजोतको काम गर्ने गर्दछन्। त्यतिले पनि वर्ष नबित्न सक्छ र उनीहरू वनतरूल, गिठ्ठा र शिस्नुमा कैयौं छाक टार्ने गर्दछन्।

पानीको अभाव काठमाण्डौ भन्दा चर्को

धोरै उकालो उक्लिए पछि गाउँ प्रवेश गर्न जैतराम प्रजाको आँगन कुल्चिनु पर्छ। गाउँको अशिक्षालाई चुनौती दिंदै करेसामा थोत्रो गुन्द्री ओछ्याएर ध्वाँसोले कालो भएको भानुभक्तीय रामायण गुन्गुनाइरहेका जैतरामसंग हामीले पानी माग्यौं। उनी भित्र पसे र एउटा आल्मुनियमको तर धेरै ठाउँ कुच्चिएको फोहर लोहोटामा पानी लिएर आए। मन लागी-नलागी पानी पियौं, पानीको स्वादमा कुहिएको हिलो ह्वास्स गनायो। बाँकी रहेको पानी लोहोटा कोल्ट्याएर पोखे पछि थाह भयो- लोहोटाको पिंधमा झण्डै एक इन्च हिलो जमेको थियो। जैतरामले स्पष्टीकरण दिए - "गाउँमा पानीको साहै दुख छ हजूर । हिउँद लाग्दै गए पछि गाउँ नजिकका पंधेराहरू सुक्दै जान्छन्। वर्षामा त जेनतेन चल्छ तर हिउँद लागे पछि पानी भेट्न तल खोलामा पुग्न पर्छ।" उनले इशारा गरेको खोला हेर्यौं, त्यसलाई भेट्न गाउँबाट झण्डै आधा घण्टा ओरालो झर्नु पर्ने अनुमान हामीले गर्यौं। गाउँको शिरानमा आधुनिक किसिमको धाराको अवशेष देखिन्थ्यो। एक वर्ष अघि गाविसको एउटा योजना भूमेडाँडामा परेको थियो। झण्डै ३ कि.मि. परदेखि पोलिथिन पाइप गाडेर जेठमा ल्याइएको पानी असारको झरी पर्ने बित्तिकै सुक्यो। लामा प्रजा भनेर गाउँमा चिनिने पर्स सिंह प्रजा भन्छन्।- "हामीले १ महिना जति त्यो धाराको पानी खायौं। त्यस पछि मुहान नै खोलाले थुतेर लग्यो।" मुहान मर्मत गर्ने हो भने गाउँमा पानी आउँछ तर त्यस तर्फ प्रजा विकास शाखा वा गाविस कसैको ध्यान गएको छैन। कुवा नामका केही खोपिल्टाहरूबाट प्राप्त आधा हिलो मिसिएको पानीमा उनीहरू निर्वाह गर्न वाध्य छन्।

नातिले देख्लाकी सुखको दिन : जीवनको उत्तरार्धमा एक चेपाङ वृद्ध

गाउँको डाक्टर कुखुरा खुब मार्छ

चेपाङहरूमा स्वास्थ्य सम्वन्धी कुनै चेतना छैन। सुँगुर, बाख्रा पाठा र कुखुरा समेतका २।४ घरपालुवा जनावर घर भनिने छाप्रो भित्रै बाँध्ने र छोप्ने गरिन्छ। जसले गर्दा उनीहरूले खान-पिन गर्ने र बस्ने सुत्ने ठाउँ अत्यन्त फोहोर हुन्छ। ननुहाएका शरीर र नधोएका थाङ्नाहरूमा उनीहरू वर्षौं बिताउँछन्। यिनै सब कारणले अधिकांश वच्चाहरू विरामी भैरहन्छन्। गाउँबाट सवभन्दा नजिक रहेको बेनिघाट हेल्थपोष्ट पुग्न उनीहरूलाई करिव चार घण्टाको बाटो तय गर्नु पर्छ। त्यहाँ भन्दा नजिकै भएको भए पनि सायद उनीहरू हेल्थपोष्ट जादैनथे। किनभने वैज्ञानिक उपचार विधि वारे उनीहरूलाई ज्ञान छैन। अर्कोतिर त्यहाँ भएका डाक्टरले सिफारिस गरेको १०।१२ रूपैयाको औषधि किन्ने औकात पनि उनीहरूको छैन। जैतराम अहिले आफै बिरामी छन्। उनको पेट औंधी दुख्छ र दिशा पातलो छ। तपाई अस्पताल किन नगएको ? यो प्रश्नको जवाफ उनी सजिलै दिन्छन् - "डाक्टरले जाँचे पछि औषधि किन्नु पर्छ, पैसा पर्छ, गाउँको झाँक्रीले फलाके पछि त विशेक मैहाल्छ नि।"

त्यो गाउँको डाक्टर पर्सिसं झाँक्री नै हुन्। चेपाङ समाजमा झाँक्रीको निकै ठूलो मानभाउ हुन्छ। हरेक रोगको उपचारमा चेपाङ गाउँको डाक्टरले कुखुरा काट्ने गर्छ। ढ्याङ्गो ठटाएर उसले भूत प्रेत र देवी देवतालाई खुसी पार्दै जुनसुकै रोगको पनि उपचार गर्छ। कतिपय त्यस्ता डाक्टरहरूले जंगली जडीवुटीको पनि प्रयोग गर्ने गर्छन्। धेरैजसो विरामीलाई त्यो डाक्टरले बचाउन सक्दैन तरपनि विरामीका आफन्तहरू मन बुझाउँछन् - "भूत, प्रेत र देवी देवता वा वीर कूलको चित्त बुझेनछ, लगेरै छोड्यो।" यसरी नै प्रत्येक वर्ष ४।५ जना वच्चाहरू उसले लैजाने गर्दछ। र तीनै फोहर छाप्राहरूमा पुन ४।५ जना वच्चाहरू जन्मने पनि गर्छन्।

साक्षर जम्मा तीनजना मात्र

"यही गाउँमा स्कूल भए हाम्रा नानीहरू पढ्थे होलान्।" भूमेडाँडाका ४८ वर्षीय धनलाल प्रजा यसो भन्छन। तर अरू कतिपय चेपाङ वस्तीका विद्यालयहरू ८।१० जना छात्रछात्रामा सिमित भएका देखिन्छन्। भदौ देखि मंसिर सम्म विद्यार्थी संख्या केही

बढे पनि पुस देखि जेठ सम्म प्राय धेरै विद्यालयहरू नगन्य र शून्य प्राय हुन्छन्। ८ देखि १५ वर्ष बीचका बच्चा स्कूल जानुको सट्टा जंगलतिर तरूल खोज्न वा "साहु" को खेतबारीतिर खन्न गए बेलुकी खाने कुरा आउँछ। चेपाङहरूको यो प्राय आम चिन्तन हो। आफ्नो खोरिया वारीको उब्जनीले जसरी ३।४ महिना खान पुग्छ, त्यहीं खान पुग्ने महिना उनीहरूका बालबच्चाको स्कूल जाने महिना हो।

भूमेडाडाको ८४ जना जनसंख्यामा ३ जना नागरिक मात्र साक्षर छन्। २४ वर्षिय युवक जीतलाल प्रजाले एक घण्टाको दुरी पार गर्नु पर्ने स्याङ्जा स्थित प्रज्ञाकन्या नि.मा.वि. बाट ५ कक्षा उत्तीर्ण गरेका छन्। त्यस पछिको पढाइलाई निरन्तरता दिने तर्फ उनले कल्पनै गरेनन्। उ पढाइमा जेहेन्दार थिए र स्कूल नियमित जान्थे। स्कूल भर्ना भएको पाँचै वर्षमा पाँच कक्षा उत्तीर्ण गर्ने चेपाङ छात्र एकदमै कम हुन्छन्। तिमी किन मा.वि. मा भर्ना भएर नपढेको त जीतलाल ? उनको जवाफ यस्तो छ - " बाबु बूढो भैसकेको छ, र रोगी छ, केही काम गर्न सक्दैन। घरको म जेठो छोरो, म पढ्न जान्छु भन्दा आमा रोयो। घरको काम धन्दा गर्नु पर्छ। मैले स्कूल जाने पाएन।" पाँच कक्षा पढ्नेको जीतलाल आम गाउँले भन्दा अलिक भिन्न छ। फाटेकै भए पनि उसको कपडा केही सफा हुन्छ र महिना डेढ महिनाने सही त उ नुहाउने पनि गर्छ।

साक्षर मध्येको अर्को एकजना जैतराम हुन्। उनी कनकान गरेर रामायणसम्म पढ्न सक्छन् तर आफ्नो नाम बाहेक अरू लेख्न भने जान्दैनन्। उमेरले निकै पाको देखिने जैतराम त्यो अनकण्टार गाउँमा कसरी साक्षर भए ? यो प्रश्न जो कसैको मनमा खेल्न सक्छ। हाम्रो जिज्ञासा सान्त पार्दै उनी बताउँछन् - लक्का जवान उमेरमा साहुको गाउँतिर काम गरी हिंड्दा दुइजना मगर दौतरीसंग उनको संगत थियो। त्यही संगतले उनलाई सानो अक्षर चिनायो। पहिले पहिले चिट्ठी पत्र सम्म लेख्ने गर्दथे, तर निरन्तरता टुटेकोले उनले लेख्न भने बिर्से। जैतराम नै भन्छन् -पोहोर मात्र साना किसान विकास आयोजनाले भूमेडाडामा ६ महिने साक्षरता कक्षा सञ्चालन गरेको थियो। केही बालबालिका र केही प्रौढहरू समावेश भएको त्यस साक्षरता कक्षाले २४ वर्षिय मदन प्रजा एकजनालाई मात्र साक्षर बनायो। मदन अहिले साधारण चिट्ठी पत्र सम्म लेख्न सक्ने भएको छ।

न्वागीमा रमाइका चेपाङहरू

अभाव र अनिकालका खण्डहर जस्ता देखिने चेपाङ बस्तीमा पनि हरेक वर्ष चाडपर्वहरू आउँने गर्दछन् र जाने गर्दछन्। दशै, तिहार, माघे संक्रान्ति तथा साउने सक्रान्ति उनीहरू पनि सामान्य ढंगले मनाउछन्। हरेक चाडपर्वमा उनीहरू जाँड रक्सीले लठ्ठ हुन मन पराउँनु उनीहरूको एउटा विशेषता नै हो। जन्म मृत्यु देखि विवाह कर्मसम्म सबैमा चेपाङहरू रक्सीको उपयोग गर्दछन्। हरेक कर्मकाण्ड चलाउने उनीहरूको समाजमा भेपाङहरूबाटै एउटा "पाँडे" हुन्छ। प्राय सबै पाँडेहरू झाँक्री हुन्छन्। भाद्र पूर्णिमाको आसपासमा नयाँ अन्न देवता पितृलाई चढाउने चेपाङहरूको एउटा चाड पर्दछ - न्वागी। यसैलाई उनीहरू भूमि पूजा पनि भन्दछन्। भाद्र महिनामा परम्परागत कार्यद्वारा यो पूजा नगरे सम्म उनीहरू खेतबारीमा उब्जिएको नयाँ अन्न-वाली खाने गर्दैनन्।

न्वागी पूजाको केही दिन अघाडि देखि नै आफ्नो क्षमता अनुसार जाँड रक्सी पारेर न्वागीको तयारी गर्दछन्। त्यस दिन साँझ परे पछि गाउँको पाँडे वा झाँक्रीको घरमा गाउँ भरीका चेपाङहरू जम्मा हुन्छन् झाँक्रीद्वारा ढुंगाहरू ठोकेर देवता पितृ डाकी तन्त्र मन्त्रद्वारा खुसी पारे पछि कुखुरा बाख्रा तथा सुंगुर काटेर सामुहिक ढंगले रक्सी र जाँड खाँदै रातभरी जाग्राम बस्छन्। बुढा युवतीहरूले यस अवसरमा दोहोरी गीत गाउँने पर्दा प्रचलन छ। सबै खाना दुध हैरानी बिर्सेर त्यस रात उनीहरू औधी रमाइलो गर्दछन्। अरू कुनै चाड भन्दा न्वागीलाई उनीहरू बढ्ता महत्व दिन्छन्। "यस वर्षको न्वागी सबै जस्तो रमाइलो भएन।" भूमेडाडाका धनलालको अनुभव यस्तो छ। यसको कारण जान्न खोज्दा उनी भन्दछन् - "श्रावणमा आफ्नो बाढी पहिरोले हाम्रो पसेरा-बारी धेरै बिगान्यो र अन्न-वाली पनि नष्ट गऱ्यो।" राहतका नाममा त्यसै दिन मात्र पुगेको एक थान थोत्रो चोलो र दुई थान बच्चाको जडाउरी लुगा धनलालले हामीलाई देखाए। त्यो लेप्रे लेप्रा टल्कने जडाउरी लुगा उनले सम्बन्धित वडा सदस्य मार्फत पाएका थिए। तर त्यो कहाँबाट आयो ? अरू के के आएको थियो ? बाढी पहिरो पीडित अरू चेपाङहरू पनि थिए तर धनलालले मात्र त्यो "राहत" कसरी पाए ? यी प्रश्नहरूको जवाफ पनि भूमेडाडासंग छैन।

महिला र बालकको नियति

भूमेडाडाको कूल जनसंख्यामा महिलाको संख्या अधिक छ। बालबालिका देखि वृद्धसम्म सबैलाई दुई भागमा विभाजन गर्ने हो भने पुरूष ३६ र महिला ४८ देखिन्छ। सिंगो जनसंख्या मध्ये १६ वर्ष मुनिका बालबालिकाको संख्या ३३ रहेको छ। अधिकांश चेपाङ महिलाहरू पिठ्यूँमा नानी बोकेर खेतबारीमा काम गरिरहेका भेटिन्छन्। सभ्य र विकसित भनिएका अरू कतिपय जातिमा पढ्ने महिला र पुरूष बीचको गहिरो भेदभाव चेपाङ समाजमा पाइँदैन। श्रममा पुरूष संगसंगै महिलाको पनि समान सहभागिता रहेको कारणले होला पितृ-सत्ताले उनीहरूलाई त्यस्तो विघ्न सताएको छैन। तर पनि आर्थिक स्थिति गए-गुजेको र चेतनाको न्युनताले पनि उनीहरू कष्टप्रद जीवन बाँच्न विवश छन्। रेडीयो र अखबारबाट दिइने "अर्को बच्चा कहिले, यौटा स्कूल जान्छ जहिले" जस्ता परिवार नियोजनका नाराहरू चेपाङको आँगन उक्लेर घर भित्र पुग्न सकेका छैनन्। फलतः अनगिन्ती चेपाङ महिलाहरू वर्स्यौनी सुत्केरी हुँदै असमयमै आधा दर्जन भाल्टाङ भुल्टुङका आमा बन्न विवश छन्। अर्कोतिर खानपिनको अभाव, स्वस्थ्य र सरसफाइको कमी तथा कडा परिश्रमले कम उमेरमै बुढ्यौलीतिर ढल्केर थाल्छ र थुप्रै दीर्घ रोगका शिकार भएर अकाल मै मर्नेहरूको संख्या पनि चेपाङ बस्तीहरूमा उल्लेखनीय छ।

त्यसैगरी अधिकांश चेपाङ बालकहरूको बालापन आमाको पिठ्यूँसंगै वन-जंगल, खोरिया र पसेरातिर रूमल्लिई रहेको देख्न पाइन्छ। न जाडोमा लगाउने न्यानो कपडा छ, न पौष्टिक खानेकुरा नै उनीहरू खान भेट्छन्। ओडारमा ढुंगाको आँट हालेर बच्चा सुताई विहानै उठेर श्रम गर्न गएका आमा बाबु एकैचोटी साँझ परे पछि ओडारमा फर्कने गरेका घटना कतिपयलाई किम्वदन्ती जस्तो लाग्न सक्छ। तर अहिले सम्म पनि कतिपय चेपाङ नाबालकहरू यो वास्तविक नियति भोगिरहेका छन्। भूई छोडेर टुकुटुकु हिंड्न नथालेदै देखि उनीहरूको कमजोर काँधमा आफू पछि जन्मिएको भाइ वा बैनीको रेखदेख गर्ने जिम्मेवारी आइसकेको हुन्छ। घर नामको छाप्राको पिँडी उक्लिन ओर्लिन नसक्दै उनीहरूले अठ्याएरो बाटो भएर टाढाका पंधेरोबाट माटाका घैंटा र घैलाहरूमा पानी बोक्नु पर्छ। र ८।९ वटा वसन्त नटेक्दै खोरिया-वारीका कान्ला र डिलतिर आफै छेलिने दुङ्गासंग कुस्ती खेल्दै कुटो र कोदालो चलाउनु पर्छ। यी सब श्रमका बावजुद पनि पेटभरी खान नपाएर कुपोषणको शिकार बनेका नाङ्गा भुतुङ्गा चेपाङ बालबालिकाको नियति कुन प्रजातन्त्रले फेरिदिने हो, थाह छैन।

अदालतको आँगन टेक्न पनि .....

बा र हजुरबाले लिएको पाँच दश रुपैया ऋणको केवल ब्याज कटौतीका निम्ति ४ पुस्ता सम्म "साहु" का घरमा घरेलु नोकर बस्न राजी हुने चेपाङहरूले प्रजातन्त्र र मानवअधिकारको अर्थ बुझून अकै एक दुई दशक पर्खनै पर्ने देखिन्छ। कसैले आफू माथि अन्याय भऱ्यो भने पनि त्यो अन्यायलाई अन्याय नठान्ने चेपाङहरू मध्येकै एकजना पर्सिसि चेपाङ भन्छन् - "हाम्रो गाउँमा मैले थाह पाए सम्म कुनै मुद्दा परेको छैन।" छरछिमेकीका बीच जग्गा साँध सीमानालाई लिएर कुनै त्यस्ता झैझगडा नै हुन्नन्। हरेक एक वर्ष बिराएर वाली लगाउनु पर्ने खोरियाहरूमा न त कोही सीमाना भिच्न नै जान्छ, न त कोही भिच्न नै आउँछ। जारी, विवाह वा लेनदेन सम्बन्धी कुनै पनि समस्या आए गाउँका बूढापाका चेपाङहरू बीच कचहरी बस्छ र उनीहरू त्यसलाई गाउँ भैं मिलाउछन्। यस्ता खाले घटनालाई लिएर भूमेडाडाका कुनै चेपाङ पनि आजसम्म उजूर गर्न वा नालेस दिन चौकी वा जड्डा अदालत गएका छैनन्। उनीहरूले देखेकै छैनन् कि अदालतको आँगन कस्तो छ ? अदालतको आँगन टेक्न पनि सायद अकै धेरै वर्ष र कम्तीमा २/४ पुस्ता गुजार्नु पर्ला। ❑

ग्रामीण इलाकाको मानवअधिकार स्थिति र मानवअधिकारको काम

-केदार न्यौपाने-



हामो मुलुकको गाउँले क्षेत्रमा मानवअधिकार सम्बन्धी कामका बारेमा छलफल गर्दा निम्न लिखित विषयहरूमा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ।

क) गाउँले क्षेत्रमा मानवअधिकार कार्यको आवश्यकता
ख) मानवअधिकार सम्बन्धी कामको उद्देश्य
ग) मानवअधिकारको क्षेत्रमा गरिनु पर्ने खास कामहरू
घ) कामको शैली
ङ) कार्यक्षेत्रमा देखिने अडचनहरू
च) मानवअधिकार कार्यकर्ताको दायित्व

यहाँ यिनै विषयहरूमा आवश्यक चर्चा गरिनेछ।

गाउँले क्षेत्रमा मानवअधिकार कार्यको आवश्यकता

मानवअधिकारको अर्थ र हामो ग्रामिण क्षेत्रको मानवअधिकारको स्थितिलाई दाँजेर हेर्दा ग्रामिण इलाकामा गर्नुपर्ने मानवअधिकार सम्बन्धी कामको महत्व टड्कारो छर्लङ्गिन्छ। त्यसैले गाउँले क्षेत्रमा मानवअधिकार कार्यको आवश्यकतालाई बुझ्नका निम्ति दुइटा विषयमा थोरै भए पनि चर्चा गर्नु आवश्यक छ - (क) मानवअधिकारको अर्थ र त्यसप्रतिको राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धता र (ख) ग्रामिण इलाकामा मानवअधिकारको स्थिति

मानवअधिकारको अर्थः

प्रत्येक अवधारणा खास सिद्धान्तमा आधारित हुन्छ र सिद्धान्तमा आधारित अवधारणाले मानिसको क्रियाकलापलाई निर्दिष्ट गर्छ। मानवअधिकारको अवधारणा मूलतः तीनवटा सिद्धान्तमा आधारित रहेको छ -

पहिलोः सबै मानिस बराबरी हुन् भन्ने सिद्धान्त,
दोश्रोः कुनै पनि मानिसलाई आवश्यक सुविधाबाट वंचीत गरिनु हुन्न भन्ने सिद्धान्त र
तेश्रोः शासन जनताद्वारा नियन्त्रित हुनुपर्छ भन्ने सिद्धान्त

पहिलो सिद्धान्तले मानिस-मानिस बीचमा हुने भेदभाव र असमानताको विरोध गर्छ। यसको मतलब हो - जुनसुकै जाति, क्षेत्र, रंग, लिङ्गको भए पनि मानिस सबभन्दा पहिले मानिस हो र यस अर्थमा उ सम्मानको हकदार छ।

दोश्रो सिद्धान्तले मानिसले मानिसलाई गर्ने शोषण र थिचोमिचोको विरोध गर्छ। यसको मतलब हो धुर्त्याई र बलको प्रयोग गरेर एउटा मानिसले अर्को मानिसलाई, एउटा क्षेत्रले अर्को क्षेत्रलाई सुविधा र सभ्यताबाट वंचित पार्न पाउँदैन। सुविधा र सभ्यता बक्सिया र टाठा बाठाको हातमा - काम र दरिद्रता निर्धा सोझाको हातमा हुनु हुँदैन।

तेश्रो सिद्धान्तले जनविरोधी शासनको विरोध गर्छ। यसको मतलब हो जनता शासनको निम्ति होइन शासन चाहीं जनताको निम्ति हुनुपर्छ। संविधान तथा नियम कानूनहरू जनताको भावना र मर्यादा विपरित हुनुहुँदैन। संविधान र नियम कानूनले जनताको भावना र हितलाई चोट पुऱ्याउछन् भने त्यो तोड्नु पनि पर्छ।

माथिका यिनै सिद्धान्तहरूमा आधारित रहेर मानवअधिकारको मूल आशयलाई परिभाषित गर्न सकिन्छ। अब एकै शब्दमा हामी भन्न सक्छौं - वास्तवमा मानवअधिकार भन्नेको मानिसको जीवन हो। यसमा गौरवमय वा सम्मानित शब्द थप्नु पर्छ - यसले गर्दा मानवअधिकारको अर्थ मानिसको सम्मानित जीवन हो भन्ने लाग्छ। मानवअधिकार अपमानित जीवन या पशुवत जीवनको ठीक विपरित हुन्छ। सम्मानित जीवनको निम्ति आवश्यक सबै चीजहरू या आधारहरू मानवअधिकार भित्र पर्छन् - तो के के हुन् हामी आफै पनि सोच्न सक्छौं। त्यसको निम्ति एउटा लामो विवरण नै तयार हुन सक्छ। तर अहिलेसम्म मानवअधिकारका मूख्यतः दुइटा अभिन्न पक्ष छन् भनेर मानिएको छ,

१. राजनीतिक तथा नागरिक अधिकारहरू र
२. आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारहरू।

मानवअधिकारको मूल आशय सम्बन्धी यस अवधारणा प्रति विविध पक्षको मत विरोध हुँदा हुँदै पनि यसले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको छ। १० डिसेम्बर १९४८ मा जारी गरिएको संयुक्त राष्ट्रसंघको मानवअधिकार सम्बन्धि विश्वव्यापी घोषणा पत्र र त्यस पछि विभिन्न समयमा जारी गरिदै आएका मानवअधिकारका दस्तावेजहरूले यो कुरालाई पुष्टि गर्दछन्। बहुदलीय व्यवस्था आई सकेपछि हामो मुलुकको सरकारले पनि संयुक्त राष्ट्रसंघले जारी गरेका मानवअधिकार सम्बन्धि निम्न ६ वटा दस्तावेजमा अनुमोदन गरेर मानवअधिकारको उक्त आशयलाई मान्यता दिएको छ र त्यस प्रति प्रतिवद्धता देखाएको छ -

क. नागरिक विरूद्ध सबै खाले भेदभाव उन्मुलनको महासन्धि
ख. आर्थिक-सामाजिक तथा सांस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध
ग. नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय अनुबन्ध
घ. नागरिक तथा राननीतिक अन्तराष्ट्रिय अनुबन्धको एच्छिक उपलेख
ङ यातना तथा अन्य अमानवीय एवं अपमानजनक व्यवहार अथवा दण्ड विरोधको महासन्धि
च. बाल अधिकार महासन्धि

नेपालको संविधान २०४७ ले पनि नेपालको इतिहासमा पहिलो पटक मानवअधिकारलाई जनताको अधिकारको रूपमा संवैधानिक मान्यता प्रदान गरेको छ। संविधानको भाग ३ को धारा ११ देखि भिन्ना-भिन्नै खालका १३ वटा अधिकारहरूको संविधानमा व्यवस्था भएको पाइन्छ। संविधानले व्यवस्था गरेको मानवअधिकारहरूको सूची निम्न बमोजिम छ।

१. समनताको हक
२. स्वतन्त्रताको हक
- विचार व्यक्त गर्ने
- बिना हातहतियार भेला हुन पाउने
- संघ-संस्था खोल्न पाउने
- अविसज्यमार आवत् जावत् र बसोबास गर्न पाउने
- कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्न पाउने
३. छापाखाना र पत्रपत्रिका सम्बन्धी हक
४. फौजदारी न्याय सम्बन्धी हक
५. निवारक नजरबन्द विरूद्धको हक
६. सूचनाको हक
७. सम्पत्तिको हक
८. संस्कृति तथा शिक्षा सम्बन्धी हक
९. धर्म समबन्धी हक
१०. शोषण विरूद्धको हक
११. देश निकाला विरूद्धको हक
१२ गोपनियताको हक

१३. संवैधानिक उपचारको हक

उपर्युक्त वर्णनको तात्पर्य यही नै भनिए कि मानवअधिकारको आशय तथा त्यस प्रतिको अन्तराष्ट्रिय मान्य शर्त मुलुकको मान्यतालाई थोरै मध पनि जाहेर गर्नु हो।

चर्चा गर्नु पर्ने आवश्यक दोश्रो विषय हो ग्रामिण इलाकामा मानवअधिकारको स्थिति

ग्रामिण इलाकामा मानवअधिकारको स्थितिलाई हेर्ने र बुझ्ने आधार भनेको मानवअधिकारको वास्तविक अर्थ, त्यसप्रतिको राष्ट्रिय-अन्तर्राष्ट्रिय मान्यता, हाम्रो सरकारको वचनबद्धता र संवैधानिक मान्यता नै हो। यसरी हेर्दा हाम्रो मुलुकको ग्रामिण क्षेत्रको अवस्था अझ पनि नाजुक छ। त्यो मान्यता, आदर्श र संविधान भन्दा कैयौं टाढा छ। बहुदलीय व्यवस्थाको स्थापना पछि संवैधानिक हिसाबले जनतालै मानवअधिकारभित्र पर्ने केही मोटा मोटी कुराहरू त प्राप्त गरेका छन्। तर व्यवहारिक हिसाबले हेर्ने हो भने अधिकारको उपयोगबाट जनता अझैले पनि वंचित नै छन्।

समानताको कुरा लिउँ: समानता मानवअधिकारको मूल सिद्धान्त हो र हाम्रो संविधानले प्रत्याभूति गरेको विषय पनि हो। तर अझैले पनि गाउँले जनतामा असमानताको कालो बादलभित्र आफूलाई हराई रहेको पाउछन्। त्यहाँ ठूलोले सानोलाई दबाउने, धनियोले निर्धोलाई थिच्ने, प्रभुतले अप्रभुतलाई घृणा गर्ने, पुरुषले महिलालाई होच्याउने चलन यथावत् छ। वर्गीकरण नै गर्ने हो भने हाम्रोमा तीन किसिमका विभेदहरूले अझ पनि गाउँले जनजीवनलाई ग्रसित बनाएको पाइन्छ। छूत अछूतको भेदभाव, नारी पुरुष बीचको भेदभाव र केही क्षेत्रमा धार्मिक भेदभाव। गाउँले क्षेत्रमा मानवअधिकारको अवस्थालाई नाजुक देखाउने एउटा मध यही हो।

स्वतन्त्रताको कुरा गरौं: भयमुक्त भएर मत बनाउन, कुनै विचारप्रति आस्था राख्न, मत प्रकट गर्न अनिवार्य स्वतन्त्र छ। मानिसको यो व्यक्तिगत स्वतन्त्रता मानवअधिकारको अर्को आवश्यक अंग हो। हाम्रो संविधानले यसलाई मान्यता दिएको कुरा माथि नै व्यक्त भैसकेको छ। तर गाउँले जनसमुदाय स्वतन्त्रताको यस अधिकारबाट पनि वंचित देखिन्छ र दुइवटा कारणले यसो भएको छ पहिलो -उ यसबाट मुक्त छैन। दोश्रो -स्वतन्त्रता प्राप्त भएको कुराबाटै उ अनभिज्ञ छ। स्वतन्त्रता प्रतिको अनभिज्ञता र मानवअधिकारलाई कुंदर बुझ्नमा विभिन्न शक्तिहरूको दबाबबाट सिर्जने त्रासको कारण मानिसहरू अझैले पनि आफ्नो विचार खुल्ला रूपले प्रकट गर्न सक्ने स्थितिमा देखिँदैनन्। ग्रामिण क्षेत्रमा मानवअधिकारको अवस्थालाई नाजुक देखाउने अर्को माप यही हो।

न्यायिक अधिकारको कुरा गरौं: व्यक्ति वा प्रशासनबाट कुनै पनि व्यक्तिमाथि गरिने गैरकानूनी व्यवहारको विरोध गर्न पाउने अधिकार न्यायिक अधिकार हो। तर गाउँले जीवनमा के देखिन्छ भने न्यायिक अधिकारको हनन् दैनिक जीवन प्रक्रिया जस्ते बनेको छ। यस क्षेत्रमा खासगरी मानिसहरू चारवटा कुराहरूबाट सबभन्दा बढ्ता पीडित छन्।-

पहिलो: रिस ईर्षी साधन वा व्यक्तिगत स्वार्थको निम्ति लगाइने झुठा मुद्दाहरू। अहिले पनि गाउँले क्षेत्रमा सिधा साधा जनताको प्रत्यक्ष सम्बन्ध प्रशासनसंग छैन भने टाठा बाठा र जाली फटाहाको पहुँच हिजो जतिकै छ। यसैकारण जनतालाई रिस ईर्षी साधनाको शिकार बनाइन्छ र झुट्ठा मुद्दामा फसाइने प्रचलन यथावत छ।

दोश्रो: धुनुवालाई जबर्जस्ती आफ्नो विरुद्धमा बकाउने प्रचलन र यातना।

तेश्रो: ढीलासुस्ती र पक्षपातपूर्ण न्याय

चौथो: बन्दीहरू प्रतिको गैरकानूनी व्यवहार

मानिसहरूलाई न्यायिक अधिकारबाट वंचित गराउने उपर्युक्त चार किसिमका पीडा ग्रामिण क्षेत्रमा मानवअधिकारको अवस्थालाई जाहेर गर्ने अर्को माप हो।

अन्यमा शोषण विरुद्धको अधिकारको कुरा गरौं : शोषणबाट मुक्ति र शोषणको विरोध मानिसहरूको अधिकार हो। तर छ वटा शोषणयुक्त जोतोबाट मानिसको यो अधिकार अझ पनि पिसिएको पाइन्छ - पहिलो: ठूला जमिन्दार र व्यापारीहरूबाट असुल गरिने भर्को ब्याज, दोश्रो: जमिनमा रहेको अधिकार र ठेक्का प्रथा, तेश्रो: कठोर श्रम र कम ज्यालाद, चौथो: बँधुवा प्रथा, पाँचौं - महिला बेचबिखन र छौटो : बाल शोषण।

एकतिर बहुदलीय व्यवस्थाको स्थापना, मानवअधिकारको संवैधानिक व्यवस्थापन, मानवअधिकार प्रति सरकारी प्रतिबद्धता, अर्कोतिर - समानता, स्वतन्त्रता न्याय र शोषणको अन्त्य जस्ता मानवअधिकारका मूलभूत कुराहरूको उल्लंघन। वर्तमान अवस्थामा हाम्रो मुलुकको खासगरी ग्रामिण इलाकामा रहेको यो मानवअधिकारको अन्तरविरोधपूर्ण अवस्था हो। हाम्रो मुलुकका ९० प्रतिशत भन्दा बढ्ता जनसमुदायको बसोबास पिछडिएको गाउँले क्षेत्रमा नै रहेको छ। ग्रामिण इलाकामा मानवअधिकारको स्थिति नाजुक रहनु भनेको ९० प्रतिशत जनसमुदायकी मानवीय मूल्य माथि असर पर्नु हो। यसको एकमात्र समाधान पीडित जनसमुदायको मानवअधिकारको रक्षा, र विकास प्रतिको चेतना बढाउनु हो। संगठित पहल र एकबद्ध प्रयासबाट नै त्यस मार्गमा अघि बढ्न सकिन्छ। यसले गाउँले क्षेत्रमा मानवअधिकारको कामको आवश्यकतालाई झल्काउँछ।

मानवअधिकार सम्बन्धी कामको उद्देश्य:

आवश्यकता स्वयं कामको उद्देश्य हुन सक्दैन। तर त्यसले उद्देश्यको निर्धारण चाहिं गर्छ। गाउँले क्षेत्रमा मानवअधिकारको कामको उद्देश्य तय गर्दा ध्यान पुऱ्याउनु पर्ने कारक तत्वहरू तीन वटा छन-

पहिलो - अधिकार जीवनको आवश्यकता हो र यसको प्राप्ति अपरिहार्य छ।

दोश्रो - मानवअधिकारको सिद्धान्तलाई हाम्रो मुलुकको सरकारले अनुमोदन गरेको छ र हाम्रो संविधानमा समेत त्यसको प्रत्याभूति गरिएकोछ।

तेश्रो - माथिका दुवै कुराहरूबाट ग्रामिण क्षेत्र अनभिज्ञ छ र बहुदलीय व्यवस्थाको स्थापना पछि पनि मानवअधिकारको स्थितिमा ह्रास सुधार भएको छैन।-

उपर्युक्त तीनवटा कुराको सार के हो भने एकतिर ग्रामिण जनसमुदायको चेतना मानवअधिकारको प्राप्ति, विकास र संरक्षणको तहसम्म पुगेको छैन अर्कोतिर जिम्मेवार शासनमा रहेको पक्षले आफ्नो प्रतिबद्धतालाई कार्यान्वयन गर्ने कामका जनताप्रतिको जिम्मेवारीलाई बढन गरेको देखिँदैन। यसैले ग्रामिण इलाकामा गरिनु पर्ने मानवअधिकार सम्बन्धी कामका मुख्यतः तीन उद्देश्य प्रस्तुत गर्दछ।

एक - जिम्मेवार पक्ष (शासक तह) को ध्यान आकर्षण गर्नु।

दुई - पीडित जनसमुदायलाई मानवअधिकारको प्राप्ति, रक्षा र विकासको निम्ति सचेत सुलक्षित र संगठित हुन अभिप्रेरित गर्नु।

तीन - मानवअधिकारलाई जनताको विषय बनाउनु र मानवअधिकार आन्दोलनलाई व्यवस्थित र निरन्तरता प्रदान गर्नु

ग्रामिण क्षेत्रमा काम गर्ने मानवअधिकार संस्थाहरूले मुख्यतः माथि तीनवटा उद्देश्यलाई केन्द्र बिन्दु बनाएर ठोस कामहरूको निर्धारण गर्नु आवश्यक छ।

मानवअधिकारको लेखन गरिनु पर्ने खास कामहरू:

कामहरू भनेको उद्देश्यका व्यवहारिक क्रियाकलापहरू हुन्। ठोस कामको अर्थ उद्देश्यको तत्कालिन क्रियान्वयन हो। यसको निर्धारण उद्देश्य र वस्तुगत परिस्थितिको आधारमा गरिन्छ। माथिका [illegible] द्विदा ग्रामिण इलाकामा मानवअधिकारको क्षेत्रमा [illegible] पर्ने मुख्यत तीनवटा ठोस कामहरू देख्न पर्छन्। जो एक अर्को संग सम्बन्धित छन,

१. मानवअधिकार सचेतन अभिवृद्धिको काम
२. मानवअधिकार सम्बन्धी क्रियाकलापको छानवीन र मूल्यांकनको काम
३. मानवअधिकारको हननबाट पीडित पक्षलाई गरिने सहायता सम्बन्धी काम।

मानवअधिकार सचेतन अभिवृद्धिको काम

गाउँले जनसमुदायको ठूलो हिस्सा खासगरी महिला समुदाय निरक्षर तथा अचेत छ। त्यो हिस्सा सबभन्दा पीडित छ र जसलाई अधिकारको सबभन्दा बढ्ता खाचो छ त्यो हिस्सा अधिकारबाट वंचित रहनु मानवअधिकारको संरक्षण र विकासको निम्ति नकारात्मक कुरा हो। केही टाठा वाठाहरू तथा संघ-संस्था र दलहरूले मात्रै मानवअधिकारका निम्ति आवाज उठाएर मानवअधिरको प्राप्ति, संरक्षण र विकास संभव हुँदैन। त्यसका निम्ति जनसमुदायको सचेत क्रियाकलाप पनि हुनु पर्दछ। मानवअधिकारको संरक्षण गर्ने प्रहरी, कुनै व्यक्ति, संस्था वा दल होइन, सरकार पनि होइन त्यो स्वयं सचेतन जनसमुदायको संगठित हिस्सा हो। त्यसै कारण मानवअधिकार सम्बन्धी जागरण अभियान - मानवअधिकारको क्षेत्रमा गर्नु पर्ने पहिलो आवश्यक काम हो।

पहिलो - मानवअधिकार सम्बन्धी ज्ञान प्राप्तीको अवस्था। यो चतनाको पहिलो खुडकिलो हो। मानवअधिकार के हो? मानवअधिकार सम्बन्धी राष्ट्रिय-अन्तराष्ट्रिय मान्यताहरू के कस्ता छन् ? मानवअधिकारको निम्ति हुदै आएका राष्ट्रिय अन्तराष्ट्रिय प्रयासहरू के कस्ता छन् ? संविधानमा उल्लेख गरिएका वा नगरिएका मानवअधिकारका प्रावधानहरू के के हुन ? तथा अधिकारको संरक्षणका निम्ति निर्माण गरिएका कानूनहरू र आफ्नो दायित्व के हो भन्ने सम्बन्धमा -मानिसहरूलाई सैद्धान्तिक जानकारी प्रदान गर्नु सचेतनाको पहिलो खुड्किलोमा हुनुपर्ने काम हो।

दोस्रो - आचरण फेरवदल वा सुधारको अवस्था। सैद्धान्तिक जानकारी प्राप्त भै सके पछि मानिसहरूको क्रियाकलाप या आचरणलाई मानवअधिकार प्राप्ती र त्यसको संरक्षण तर्फ उन्मूख हुने गरी रूपान्तर गर्न अभिप्रेरित गर्नु पर्छ। यस अवस्थाको मूल काम यही हो। यो सचेतनाको दोस्रो खुड्किलो हो।

तेस्रो - मानिसहरूको संगठित अवस्था। मानवअधिकार सम्बन्धी ज्ञान भएका, मानवअधिकार आदर्शलाई सम्मान गर्ने तथा मानवअधिकारलाई जनसमूदायको चासोको विषय भनेर बुझ्ने र मान्यता दिने व्यक्तिहरूलाई क्रियाशील बनाउन अभिप्रेरित गर्नु पर्छ यस अवस्थाको मूल काम यही हो। चेतना सम्बन्धी कामको यो तेस्रो खुडकिलो हो।

चौथो - मानवअधिकार संरक्षणको अवस्था। चेतनाको यो उच्चतम खुडकिलो हो। यसभित्र मानवअधिकार हननको विरोधमा संचालित मानवीय क्रियाकलापहरू पर्दछन्। मानवअधिकारको प्राप्ती, संरक्षण र विकासका निम्ति मानवीय क्रियाकलापहरूलाई गतिशील पार्न अभिप्रेरित गर्नु यस अवस्थाको मुख्य काम हो।

माथि भनिएं झैं चेतनाका उपयुक्त अवस्थाहरू एक अर्काबाट भिन्नै या छुट्टै छैनन्। तिनिहरूको विकास एउटाको लोप पछि अर्को उफिएर स्थापित हुने क्रमको हिसाबले हुने पनि होइन। ती त एक अर्का संग सम्बधित् छन र एकै समयमा सबै चलि रहेका पनि हुन सक्छन्। तर उपयुक्त योजना निर्माणका निम्ति चेतनाको चरणलाई विभाजित गरेर हेर्नु लाभदायक नै हुन्छ।

मानवअधिकार सम्बन्धी क्रियाकलापको मूल्यांकन र छानबीन सम्बन्धी काम

मानवअधिकारको क्षेत्रमा मानव अधिकारवादी संस्थाहरूले गर्नु पर्ने यो कामको आवश्यक तत्व हो। व्यक्ति, समूह, सरकार वा राष्ट्रबाट भएका मानवअधिकार उल्लंघनका घटनाहरूको तथ्यांक संकलन र प्रकाशन गर्नु, मानवअधिकारको दिशामा भएका सकारात्मक नकारात्मक कामहरूको मूल्यांकन गर्नु तथा जिम्मेवार पक्षलाई बेलामा आफ्ना सुझावहरू प्रस्तुत गर्नु यस भित्र पर्ने कामहरू हुन। यी कामहरूले मानवअधिकारको विकासको स्तर बुझ्न मद्दत गर्छन्। जन समूदायलाई चनाखो बनाउँछन् तथा मानवअधिकारको हननको विरोधमा राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा दबावको सिर्जना गर्छन्।

मानवअधिकारको हननबाट पीडित भएका पक्षलाई गरिने कानूनी सहायता सम्बन्धी काम

ग्रामिण इलाकामा मानवअधिकारको क्षेत्रमा गरिनु पर्ने यो तेस्रो महत्वपूर्ण काम हो। माथि भनि सकिएको छ - गाउँले क्षेत्रमा मानिसहरू संविधान र कानूनले दिएका अधिकारहरूबाट समेत् वंचित छन्। उनीहरू माथि दैनिक जसो नै गैर कानूनी व्यवहार भै रहेको छ। यसो हुनुमा तीन वटा कारण देखिन्छन्।

पहिलो -संविधान र कानूनमा के लेखिएको छ भन्ने ज्ञानको अभाव। कानूनी ज्ञानको अभावमा मानिसहरू अनजानमै एकातिर गैरकानूनी काम गर्न पुग्छन भने अर्कोतिर पाएका अधिकारको उपभोग गर्ने कुराको आवाज उठाउन सक्दैनन्,

दोस्रो -अदालत र प्रशासन समक्ष आफै पुग्न सक्ने पहुँचको कमी। अहिले पनि गाउँघरका जाली फटाहाहरू र प्रसाशन यन्त्रको बीचमा सम्पर्क कायम छ। जनसमुदायको ठूलो हिस्सा निर्भय भएर आफ्ना समस्याहरू अदालत प्रसाशन समक्ष हाकाहाकी राख्न सक्षम छैन।

तेस्रो -आर्थिक कठिनाइ : अधिकांश मानिसहरू गरीब छन् र उनीहरू आर्थिक कठिनाइको कारण आफू ठगिएको, आफ्नो अधिकार हनन भएको थाहा पाउँछन्। तैपनि उनीहरू मुद्दा मामिलाको झमेलाबाट टाढै बस्न चाहन्छन्। पैसावाल टाठावाठाहरूले मानवअधिकारको हनन गर्नमा पैसाको दुरूपयोग गर्छन्।

यस्तो स्थितिमा पीडित पक्षलाई तीन किसिमले सहायता प्रदान गर्न सकिन्छ र गर्नु आवश्यक छ।

पहिलो सहायता - ग्रामिण इलाकाका विभिन्न क्षेत्रहरूमा बेलाबेलामा कानूनी साक्षरता कार्यक्रम संचालन गर्नु र जनतालाई कानूनी ज्ञान बोध गराउनु

दोस्रो सहायता - जनसमूदाय र प्रशासनका बीचमा पुलको काम गर्नु। यसको मतलब अधिकार उल्लंघनको मारमा परेको पीडित पक्षको तर्फबाट जाँच पडतालको आधारमा प्रशासन समक्ष वास्तविक जानकारी पेश गर्नु तथा जनता र प्रसासन बीचमा सोझो सम्पर्क कायम गर्नु।

तेस्रो सहायता - संभव भए नाजुक आर्थिक स्थिति भएकाहरूका निम्ति आर्थिक सहायता जुटाउन सहयोग गर्नु तथा वकालत र लेखापढीको निशुल्क व्यवस्था गर्नु ।

उपर्युक्त सहायताले पीडित पक्षलाई निर्दिष्ट सहयोग पुग्ने मात्र होइन यसले अन्य क्षेत्रका जनसमूदायलाई समेत प्रभावित पार्छ। त्यसले मानवअधिकार प्रति ध्यान आकर्षण पैदा गर्छ।

कामको शैली

मानवअधिकार सम्बन्धी कामको छलफल गर्दा चर्चा गर्नु पर्ने विषयहरूमा कार्य शैली पनि पर्दछ। कार्यशैली भनेको कामको तौर तरिका हो यसलाई निर्धारण गर्ने कुरा पनि सैद्धान्तिक अवधारण नै हो। कार्यशैलीको महत्व यस मानेमा छ कि यो त्रुटिपूर्ण भए परिणाम उल्टो हुनसक्छ। अहिलेसम्म मानव अधिकारका काममा दुइ खाले शैली देखिएका छन्।

पहिलो : कामलाई शहरमा केन्द्रित गर्ने, तथ्यांक, वक्तव्य, र केही मानवअधिकार सम्बन्धी गोष्ठीलाई कामको मूल अंश मान्ने।

दोस्रोः कामलाई गाँउमा केन्द्रित गर्ने, उत्पिडीत जन समूदायको जागरण र मानव अधिकारको संरक्षण निम्ति आन्दोलनको निरन्तरतालाई कामको मूल अंश ठान्ने र तथ्यांक, वक्तव्य र गोष्ठीहरूलाई जनसमूदायको जागरणको निम्ति प्रयोग गर्ने।

पहिलो कार्यशैलीले लक्षित समूदायलाई किटान गर्दैन, मानव अधिकारको कामलाई आक्कल

झुक्कलको विषय बनाउंदा र वक्तव्यमा सीमित रहेर आफ्नो दायित्व निर्वाह भएको ठान्छ।

दोस्रो कार्यशैलीले उत्पीडित जनसमूदायलाई लक्षित समूहको रूपमा किटान गर्छ, मानवअधिकारलाई केही व्यक्ति र संस्थाले गर्ने चर्चाको विषय मन्दा पनि जन समूदायको सरोकारको विषय बनाउंछ, केही वक्तव्य र तथ्यांकमा सीमित रहेर आफ्नो दायित्व पूरा भएको ठान्दैन।

दोस्रो कार्यशैलीले मानव अधिकारको कामलाई व्यवस्थित गर्नको निम्ति स्थायित्व कायम गर्ने कामलाई जरूरी ठान्छ।

पहिलो कार्यशैलीको निम्ति पीडित जनसमूदायसंगको प्रत्यक्ष सम्वन्धको कुनै आवस्यकता छैन।

दोस्रो कार्यशैलीले पीडीत जन समूदाय संगको प्रत्यक्ष तर निरन्तर सम्वन्धलाई सधै प्राथमिकता दिने गर्छ

उपयुक्त चर्चा पछि मानव अधिकारको क्षेत्रमा काम गर्दा प्रकट भएका दुई खाले कार्यशैलीको विशेषतालाई सुत्रवद्ध गर्ने हो भने निम्न वमोजिम उल्लेख गर्न सकिन्छ।

पहिलो कार्यशैलीका विशेषताहरू:

१) शहरमा केन्द्रित रहने २) वक्तव्य, तथ्याकंमा सीमित हुने ३) लक्षित समूदाय किटान नगर्ने ४) मानव अधिकारको कामलाई आकल झुकलको विषय बनाउने ५) कामको निम्ति व्यवस्थित स्थिति कायम नगर्ने ६) पीडित पक्षसंग प्रत्यक्ष र निरन्तर सम्पर्क कायम नराख्ने।

दोस्रो कार्य शैलीका विशेषताहरू :

दोस्रो कार्यशैली पहिलो भन्दा ठिक बिपरित छ भन्दा हुन्छ। यसका विशेषताहरू मूख्यतः गांउमा केन्द्रित हुने २) पीडित समूदायको जागरण र आन्दोलनलाई कामको मूख्य अंश ठान्ने ३) उत्पीडित समूदायलाई लक्षित समूदाय किटान गर्ने ४) मानव अधिकारको कामलाई जनताको सरोकारको विषय र नियमित कामको रूपमा लिने ५) कामको निम्ति व्यवस्थित कायम गर्ने कुरालाई महत्व दिने ६) पीडित पक्षसंग प्रत्यक्ष तर निरन्तर सम्पर्क कायम राख्ने ७) समस्याग्रस्त क्षेत्रवाट कामको थालनी गर्ने।

पहिलो कार्यशैली परम्परागत कार्यशैली हो र चाहेजति उपयोगी छैन। दोस्रो कार्यशैली भर्खरै स्थापित भइरहेको कार्यशैली हो र यो नै मानव अधिकारको प्राप्ति, संरक्षण र विकासको निम्ति उपयोगी छ। हामी यही कार्यशैलीको पक्षमा छौं। यो हामीले गाउंले क्षेत्रमा काम गर्दा विकसित भएको कार्यशैली हो र हामी यसलाई जारी राख्न तथा अझ विकास गर्ने पक्षमा छौं।

कार्यक्षेत्रमा देखिने अड्चनहरु:

सैद्धान्तिक हिसावले गाउंले क्षेत्रमा मानव अधिकारको काम अत्यावश्यक देखिए पनि यसको कार्यान्वयन पक्ष त्यति सरल देखिदैन। गाउंले क्षेत्रमा काममा गर्ने मानव अधिकार संस्थाहरूका अगाडि केही त्यस्ता अड्चनहरू छन् जस संग जुझनु उनीहरूको दिनचर्या बनिदिन्छ। काममा बाधा पुर्‍याउने ती अड्चनहरू के हुन्? अनुभवको आधारमा हेर्दा तिनीहरू लाई ६ वटा खण्डमा बांडन सकिन्छ।

१) जनतामा विश्वासको संकटः अभाव ग्रस्त जीवन तथा न्यून चेतनाको कारण मानिसहरू तत्काल लाभका कुराहरू खोज्ने गर्छन् दिर्घ परिणाम प्रति धैर्य राख्न रूचाउदैन्। मानव अधिकारको आदेशलाई मानिसहरू प्राप्त गर्न सकिने विषयको रूपमा स्वीकार गर्न अनकनाउछन् र त्यस प्रति अविश्वास प्रकट गर्छन्। मानव अधिकार खाली आदर्शको चीज होइन जीवनको आवश्यकता हो र यो पीडितहरूको एकवद्ध प्रयासद्वारा प्राप्त गर्न सकिन्छ भनेर मानिसको मन जित्नु पहिलो कठिनाइ हो।

२) राजनैतिक दलहरूको पूर्वाग्रह : अहिले पनि कतिपय राजनैतिक दलहरू मानव अधिकार संस्थाको स्वतन्त्र तथा निस्पक्ष भूमिकालाई स्वीकारदैनन् या राजनैतिक दल र मानव अधिकार संस्थाको भूमिका र दायित्वलाई फरक ढंगले हेर्न रूचाउदैनन्। मानवअधिकार संस्था र कार्यकर्तालाई आफ्नो पक्षमा तान्न खोज्ने त्यसो नभए संस्थाप्रति वक्र दृष्टि पुर्‍याई अप्रत्यक्ष या प्रत्यक्ष ढंगले काममा हतोत्साही पार्ने राजनैतिक दलहरूको पूर्वाग्रही धारणाले पनि मानवअधिकारको काममा अड्चनको तेर्स्याउंछन्।

४) प्रसासनिक असहयोग : गाउंले क्षेत्रमा हुने मानवअधिकारको काम प्रति अझ पनि प्रशासनको धारण सकारात्मक रहेको देखिदैन। अहिले पनि प्रशासन गाउंले क्षेत्रमा हुने मानव अधिकारको कामलाई आफ्नो विरोधमा भएको कृयाकलापको रूपमा हेर्ने गर्छ। गाउंले जनसमूदायले संविधान र कानूनको वारेमा जानकारी राख्नु, आफ्ना अधिकार प्रति चासो जगाउनु, खोसिएका अधिकारहरू प्राप्तिको निम्ति आवाज उठाउंनुलाई सकारात्मक कदम र राम्रो कामको रूपमा नलिएर यसलाई असामाजिक गतिविधि ठान्ने कयौं प्रशासकहरू अझपनि छन्। यस्ताहरू जब जब मानव अधिकारको कुरा उठछ कर्तव्यको कुचो तेर्स्याएर त्यसलाई साट्सुट्टै बढार्न खोज्छन्। मानव अधिकार वार्षिक पुस्तिकाको निम्ति तथ्यांक संकलन गर्ने क्रममा हामीले यो कुरालाई झन महसुस गर्‍यौं। कयौं ठाउंमा प्रशासनिक व्यक्तिहरूले हामीलाई यो काममा अलिकति पनि सहयोग पुर्‍याउन चाहेनन्। मानव अधिकारको क्षेत्रमा गरिने नियमित कामको सवालमा समेत् कुरा यस्तै नै हो। काममा देखापर्ने यो चौथो अड्चन हो।

५) भौतिक विकटताः जहां समस्या वढता छ कामको केन्द्र विन्दु त्यही बनाउनु पर्ने आवश्यकता पनि छ। यस हैसियतले सवभन्दा वढता समस्या मूलक क्षेत्र भनेका हाम्रो मुलुकमा दुर दराज क्षेत्रहरू नै हुन्। जहां चेतनाको सवभन्दा वढता अभाव छ। मानिसहरू रूढिग्रस्त छन् र उनीहरूको न्युनचेतनाबाट फाइदा उठाएर जाली भेलीहरूले जनताको अहितमा बनदाग्दो काम गरिरहेका छन। त्र भौगोलिक विकटताबाट सिर्गैको यातायात् र संचारको अभावको कारण यी ठाउंहरूमा मानव अधिकारको कामलाई अघिवढाउन ज्यादै कठिनाई छ।

६) कार्यकर्ताको अभाव : सिद्धान्तलाई व्यवहारमा उतार्ने कारक तत्व भनेको नै कार्यकर्ता हो। मानव अधिकारको सिद्धान्त र आदेशलाई आत्मसात गर्ने, त्यसको कार्यान्वयनको निम्ति समर्पित हुने, पीडित जन समूदायको दुःख सुखमा भागलिएर उनीहरू संग घुलमिल वन्ने, कठिनाईबाट न तर्सिने कामकाजी कार्यकर्ताहरूको एउटा स्थायी पंक्तिको अभावमा मानव अधिकारको कामलाई निरन्तरता प्रदान गर्न असंम्भव छ। जागीरे मनस्थिति बोकेको कुराकाजी (कामकाजी होईन) कार्यकर्ताको पंक्तिले मानव अधिकार आन्दोलनलाई अघि बढाउनु संभव कुरा होइन। मानव अधिकारको काममा मानव अधिकार संस्थाहरूले झेल्नु परेको यो अर्को समस्या हो। कामकाजी कार्यकर्ताहरूको अभाव।

हाम्रा केही दायित्वहरु :

उपर्युक्त कठिनाइलाई चिर्दै मानवअधिकारको कामलाई संस्थागत ढंगले अघि बढाउन र स्थायित्व प्रदान गर्नका निम्ति मानव अधिकारको क्षेत्रमा काम गर्ने कार्यकर्ताहरूका अगाडि केही दायित्वहरू सिर्जना भएका छन्।

१) वर्षमा एक दुइटा गोष्ठीहरू गरेर, दुइ चारवटा प्रकाशन निकालेर र केही बक्तव्यहरू दिएर आफुले मानवअधिकार संम्वन्धी काम मुरा गरेको ठान्नु हुदैन। यसो मर्नु औपचारीकताको निर्वाहा नै हो। आजको दायित्व या काम भनेको रचनात्मक तथा व्यवहारिक कामको निरन्तरताबाट जनताको मन जित्नु हो।

२) मानव अधिकारको काममा टिपन टापन कार्यकर्ताहरूवाट काम चलाउने प्रथाको अन्त्य हुनु पर्छ। हामीले कार्यकर्ताहरूको स्थायी पंक्ति निर्माणको निम्ति योजनाबद्ध ढंगले लाग्नु आवश्यक छ। यो हाम्रो अर्को दायित्व हो।

३) आत्म निर्भरतामा वृद्धि हाम्रो अर्को दायित्व हो। मानव अधिकारको कामसंग सम्वन्धित पत्येक क्षेत्रमा यो आत्म निर्भरता आवश्यक छ। यो (मानसिकता) बाट अगाडि नबढे ऐन मौकामा हाम्रो आन्दोलन लंगडो बन्ने खतरा रहन्छ।

४) प्रशासनिक निकायका व्यक्तिहरू र राजनितिक पार्टीका कार्यकताहरूलाई मानव अधिकार तालिमको व्यवस्था गर्नु र उनीहरू संग मिलेर आफ्नो क्षेत्रमा काम गर्ने दायित्व मित्रपर्ने अर्को कुरा हो । ❑

जयाजा
बुद्धचन्द्र गौतम
पुष्प सांपकोटा

रणबहादुर आँखा मिट्टी मा पुगेर, उ आफैंबाट पनी भएन। सिरी पुजारी र थोपाजोडाई हेर्ने र देख्न लाग्न उसलाई। तिनीहरूको हेर्ने पनि उसलाई गाह्रो भएर गएर। आफ्नो परिवारमा अतिरिक्त आँखी पनि सकेको थिएन।

त्यो रात तिनीहरूको लागि भयानक रात भयो। कुन बेला के हुने त ? भन्ने पटयाप ? बटाइकको सन्दोह-सन्दोह पनि उसले आफ्नो बुटको पटयाप सुन्यो। रणबहादुरको मनको एउटा कोनामा बुढी। रणबहादुर निद्रामा नै सकेन। निद्रामा पनि कसरी ? उसले अफिसको कामका जाँदा रहेकोले ले आफ्नो मिट्टी कुटन कुल्चेर रगत छदाएको। मन्त्र लाग्यो।

अब रणबहादुरको एकाकी जिन्दगीमा परिणत हुन थाल। उ प्रति यो कोलमको गतुहपूर्ण व्यवहार गोरखाट नाम कल्पना गर्थ – तब उसको मनमा आफ्नी बुढी पनि एक प्रश्न सक्छ ? मन्त्री छोरी ....।

एउटा थाहा नै नपाएको उनीहरू निस्कन्छन्, उनीहरूलाई थाहा छैन, यो बुढा के गरेर बाने छन्, उनीहरूको आफ्नो छैन कसरी बाने छन्। उनीहरूलाई यो थाहा छैन, केवल आँखा मैले आफ्नो के कि ज्यूँदै देख काटिने र आफ्नो बनी परिवार मन्त्र एउटै बोल्ने हो।

यसरी रणबहादुर थाल्न। सबैभन्दा पछि उसले पीलिलाई लाग थाल। मन र बच्चाको बीच लगाउँछ।

अध्यापक देख्न नै सकिन्छ कसरी लिएर।

यो नजर्न नकाट। फेरी आँखि मुन्या गर्न। एउटा अदृश्य गर्न र लेख्नेछन।

रणबहादुर आफ्नो पछेर गाह्रो आफ्नो थियो। त्यसो आइपुग्दा देख्न चाहको लतेहार पनि उसको नै आइपुगेर लोकेर। एक अकोलाई लेख्न लेख्ने मन। एकदिन छाप्नेमा उसको त्यहाँ साथ पनि ? रणबहादुरले आफ्नो लाइलाई सोध्न। – लुहर

रणबहादुरको त्यहाँ आमीमा थियो।

– यर लुहरको र त्यसले केसी गरेको थियो ? ?

यो पीलिको रात आए पछि म मार्ने त्यसे कसरी बस्न सक्छु ? ? उसको लुहरलाई आफ्नो पान्या।

